# परिच्छेद एक

## परिचय

### १. १ पृष्ठभूमि

नेपालमा शिक्षाको प्रारम्भ गुरुकुल शिक्षा प्रणालीबाट भएको पाइन्छ । देशको आवश्यकता, समयको माग र व्यक्तिको चाहनाअनुसार शिक्षाको स्वरुप र विषयवस्तुको ढाँचामा पनि परिवर्तन र परिष्कृत हुँदै गएको ऐतिहासिक तथ्य पाइन्छ । गुरुकुल शिक्षामा शिष्य विद्या आर्जन गर्न गुरुकै आश्रममा जानुपर्ने, गुरुमा नै शिक्षाको सम्पूर्ण प्रक्रिया निर्भर रहने, कुनै विशिष्ट किसिमको पाठ्यक्रम वा पाठ्यपुस्तक नहुने र शिक्षणको माध्यम संस्कृत भाषा रहेको थियो भने लिच्छविकालीन शिक्षा प्रणालीमा कला, संस्कृति, साहित्य, वेद, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुने गरेको अभिलेख पाइन्छ, (अधिकारी, २०६०)। मानव सभ्यताको विकासक्रमसँगै शिक्षाको आरम्भ भएको पाइन्छ । नेपालमा वि.सं. १९१० सालमा थापाथली दरबारमा स्थापना भएको अङ्ग्रेजी स्कुलदेखि शैक्षिक क्षेत्रलाई व्यवस्थित गर्न धेरै प्रयासहरु भएपनि राणाकालीन समयमा शिक्षा क्षेत्रले उल्लेख्य प्रगति गर्न सकेको देखिंदैन । वि.सं. २००७ सालको परिवर्तनपछि शिक्षामा आधुनिकताको प्रवेश भएको मानिन्छ । वि.सं. २०१४ सालतिरबाट कलेज अफ एजुकेशनको स्थापनासँगै पाठ्यक्रमको निरुपण गर्ने कामको सुरुवात गरिएको थियो । तर वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्दति योजनाले पाठ्यक्रम निर्माण कार्यलाई क्रमबद्ध र व्यवस्थित गर्ने प्रयास गरेको थियो ।

शिक्षा मानव जीवनको आधारभूत पक्ष हो, राष्ट्रिय विकासको मेरुदण्ड हो । शिक्षा व्यक्तिको विकास र प्रगतिको आधार समेत हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू बाँचेको संसार र समाज बुझ्ने क्षमता र ज्ञानको भण्डार आर्जन गर्न सक्छ । शिक्षाले मानव जीवनका अवसरहरुलाई बढाउन मद्दत गर्दछ । परिवर्तित समयसँगै व्यक्ति पनि परिवर्तित हुँदै जानुपर्ने सर्वमान्य सिद्धान्तअनुरुप व्यक्तिलाई समायोजन हुन सहयोग गर्दछ । त्यसैले शिक्षाले परिवर्तित समयअनुसार व्यत्तिलाई अनुकुल हुन समेत सिकाउँछ, (कोइराला, २०६१)। व्यवस्थापन भन्नाले सामान्य अर्थमा कुनै पनि पक्षको उचित रुपले बन्दोबस्त गर्नु, परिचालन गर्नु, सञ्चालन गर्नु भन्ने बुझिन्छ । विद्यालय व्यवस्थापनको निकै महत्वपूर्ण स्थान रहन्छ । उचित किसिमले त्यसको सञ्चालन, रेखदेख र नियन्त्रण गर्न नसकेको खण्डमा त्यसले सही बाटो लिन नसकी असफल भएर जान सक्छ । विद्यालय एउटा

सामाजिक एवम् शैक्षिक संस्था भएकोले यसको अझ राम्रो व्यवस्थापन हुन जरुरी हुन्छ । यहाँ हरेक संस्थाको सफलता संगठित एवम् सामुहिक प्रयासबाट मात्र सम्भव हुन्छ । माध्यमिक तहको उचित व्यवस्थापनको लागि नेपालमा पनि विभिन्न समयमा विभिन्न उपायहरु अपनाइदै आएको पाइन्छ । उदाहरणको लागि समय समयमा विद्यालयको संगठनमा परिवर्तन, व्यवस्थापन पक्षमा सुधार, योजना, नीति तथा निर्देशन एवम. माध्यामिक तह निःशुल्क शिक्षाको व्यवस्था आदि व्यवस्थापन सुधारका कार्यगत परिवर्तनहरु हुन् ।

शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरु प्रभावकारी एवम् सफलतापूर्वक सञ्चालन गराउने प्रक्रिया हो । Encyclopdeia of Education and Research का अनुसार शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरुको प्रयासमा सामञ्जस्य स्थापित गर्ने र उपयुक्त सामथग्रीहरुलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरुको विकास चासो राख्दछ ।

मानव सभ्यताको विकास क्रमसँगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रुपमा लिइएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक युगले अर्को युगलाई पाठ सिकाएको पाइन्छ । नेपालको स्थापनाकालदेखि शिक्षाको सुरुवात भई यसको विकास आफ्नै गतिबाट हुँदै आएको पाइन्छ । प्राचीनकालमा बाबुले छोरालाई र आमाले छोरीलाई आ-आफ्नै ज्ञान र सीप अनुसारको शिक्षा दिने गर्दथे । प्राचीन नेपालको शिक्षा पूर्णरुपमा गुरुकूल प्रणालीमा आधारित थियो । शिक्षाको आधार वेदलाई मानिएको थियो । नेपालमा शिक्षाको विकास धेरै पहिलादेखि भए तापनि औपचारिक शिक्षाको विकास वि.सं. १९१० सालमा जङ्गबहादुरको बेलायत भ्रमणपछि भएको मानिन्छ । असोज ७ गतेका दिन आफ्नो दरबार थापाथलीको भूइँतलामा पहिलो अङ्ग्रेजी पाठशालाको स्थापना गरेपशचात मात्र भएको हो ।

कलाकृति, संस्कृति, बौद्धिक एवम् बौद्ध शिक्षाको प्रभाव राणाकालमा अङ्ग्रेजी शिक्षाको प्रभावमा परेर स्वस्फूर्त रुपमा विकसित हुँदै आएको शैक्षिक व्यवस्थापनलाई १९९६ को शिक्षा इस्तिहारले कानुनी प्रबन्धको थालनी गरायो ।

२००७ सालसम्म आइपुग्दा एउटा कजेल, ११ ओटा माध्यमिक विद्यालय र ३२१ ओटा प्राथमिक विद्यालय राज्य नियन्त्रित शैक्षिक संस्थाको रुपमा देखा परे । हाल प्रशस्तै मात्रामा विद्यालय, उच्च माध्यमिक विद्यालय, आङ्गिक क्याम्पसहरु र निजी तथा सामुदायिक कलेजहरु सञ्चालित छन् । यी सबै संस्थाहरुको स्थापना र विकासमा समुदायको प्रमुख भूमिका रहेको पाइन्छ । शिक्षा पद्दतिको योजना २०२८ लागू भएपछि व्यवस्थापनको जिम्मा सरकारले लिएर समुदायको जिम्मेवारी तथा बोझ कम गरेको ठानियो र जनसहभागितामा कमी आयो भन्ने गरिन्छ । तर यसै बेला विद्यालय खोल्ने होड पनि चलि रह्यो । तलव, भत्ता र मसलन्द खर्च समेत सरकारले दिने हुँदा विद्यालय खोल्न समुदाय आकर्षित भयो । शिक्षाको पहुँच वृद्धिमा सकारात्मक प्रभाव पऱ्यो । संख्यात्मक प्रगति र गुणात्मक उपलब्धि बीचमा तथा लगानी र प्रतिफल बीचमा सन्तुलन कायम हुन सकेन भन्ने कुराले निकै चर्चा पायो । २०२८ पछि शिक्षामा निजी क्षेत्रलाई प्रवेश गराएपछि सामुदायिक विद्यालयको चरित्र फेरियो र शिक्षा खुला बजारमा गएको कठोर सत्य पनि हाम्रो साम् छ । निजी विद्यालय खोल्न सकिने प्रावधान यसभन्दा पहिला पनि थियो तापनि नियमित रुपमा रहेको व्यापारीकरणका रुपमा थिएन ।

निजी क्षेत्रको प्रचारप्रसारपछि समुदायका सचेत र मध्यम वर्गीय अभिभावकहरु निजी विद्यालयतिर आकर्षित भए । उद्योग, व्यवसाय र सामाजिक सेवाहरुमा राज्यको नियन्त्रण नरहने विश्व अर्थनीतिको प्रभाव तथा खुला प्रतिष्पर्धाबाट विकास गर्ने विश्व अर्थनीतिको प्रभाव सबै मुलुकहरुमा बढ्न थाल्यो । यसक्रममा शिक्षा पनि विश्व व्यापार संगठनको सम्झौताभित्र पर्न थाल्यो ।

यसरी निजीकरण र व्यापारीकरण बढ्न थाल्यो । सार्वजनिक विद्यालयले क्रमश: सचेत, जागरुक र आर्थिक रुपले सबल अभिभावकहरुको पारिवारिक पृष्ठभूमिबाट आएका बच्चाहरुलाई आकर्षण गर्न सक्ने अवस्था आयो । सार्वजनिक विद्यालया हुने गरेको

गुणस्तरीय लगानी निजीक्षेत्रतर्फ स्थानान्तरणको लहर चल्यो । सो लहरमा नीति निर्माताहरु, प्रशासकहरु आफ्ना बालबच्चाहरुलाई निजी विद्यालयमा पढाउन थाले र सरोकारवाला समूहको चरित्रमा व्यापक परिवर्तन आयो । नीति निर्माण तहका निर्णयहरु आन्तरिक दक्षता बढाउन भन्दा सस्तो लोकप्रियतामा आधारित प्रतिस्पर्धाबाट प्रभावित भए । शिक्षा निःशुल्क हुनुपर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता भएपनि स्रोत र साधन परिचालनको उचित व्यवस्थापन विना नै शिक्षा निःशुल्क भएको प्रचार मात्रै भयो । यथार्थमा प्राथमिक शिक्षा पनि निःशुल्क हुन सकेन । फलस्वरुप सःशुल्क र निःशुल्क शिक्षासम्बन्धी मुद्दाले राष्ट्रिय रुपमा नै ज्यादै चर्चा पायो । नेपालको शैक्षिक व्यवस्थापन गर्न २०११ देखि २०५५ सम्ममा २०१८, २०२४, २०२८, २०३८, २०४०, २०४९, २०५५ सम्म आठओटा शिक्षा आयोगका प्रतिवेदनहरु बने । ती प्रतिवेदनहरुले दिएका सुझावअनुसार गृहकार्यहरु पनि भए तथापि शैक्षिक क्षेत्रको अन्योल हटेन । २०५५ सम्म आइपुग्दा शिक्षालाई सान्दर्भिक र समाज सापेक्ष बनाउनका लागि गुणस्तर नियन्त्रण र व्यवस्थापनमा जनसहभागिता नबढाएसम्म समाज र शिक्षालाई एकाकार बनाउन सकिदैन । त्यसैले प्रशासनिक विकेन्द्रिकरण र शैक्षिक विकेन्द्रिकरणसँगसँगै जानुपर्दछ भन्ने कुराको महसुस गरियो । शिक्षाको व्यवस्थापनलाई विकेन्द्रिकरण अन्तर्गत स्वायत्त र उत्तरदायी बनाइनु पर्दछ भन्ने मान्यताका आधारमा शिक्षा नियमावली परिवर्तन भयो तापनि तन्त्रमा आधारित र निर्वाचित निकायबाट मनोनित हुने नै प्रयोगमा आयो । सरोकारवाला वा वास्तविक उपभोक्ता सम्मिलित हुने सहभागितामूलक प्रक्रियाले उचित स्थान पाएन ।

शिक्षा नियमावलीमा भएको व्यवस्थाअनुसार विद्यालय व्यवस्थापन समिति भन्नाले विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न अभिभावकहरुको तर्फबाट छानी पठाएको एकजना अध्यक्ष, अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिलासहित ३ जना सदस्य, विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडाअध्यक्ष सदस्य, स्थानीय बुद्धिजिवी वा शिक्षाप्रेमीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय संस्थापक वा चन्दादाताहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय शिक्षकहरुमध्येबाट छानी पठाएको एकजना सदस्य र विद्यालय प्रधानाध्यापक सदस्य सचिव रहने व्यवस्था शिक्षा नियमावली, २०५९ संशोधनसहितले गरेको पाइन्छ ।

गुणस्तरीय शिक्षा एक शब्दमा भन्नुपर्दा स्तरीय शिक्षालाई नै गुणस्तरीय शिक्षा भनिन्छ । समाजलाई गतिशील र विकसित बनाउने प्रमुख माध्यम नै शिक्षा । शिक्षा विना समाजले विकासको फड्को मार्न सक्दैन । तसर्थ गुणस्तरीय शिक्षा त्यो शिक्षा हो, जहाँ उपयुक्त लगानी, जस्तै शिक्षाको लक्ष्य र उद्देश्य, विद्यार्थीहरु, शिक्षकहरु, भौतिक साधनहरु अर्थ र पूँजी, शैक्षिक प्रक्रियाअन्तर्गत सम्पूर्ण लगानीलाई सही रुपमा सञ्चालन गर्ने प्रक्रिया नै शैक्षिक प्रक्रिया हो । यसले शैक्षिक व्यवस्थापन (Planning, Organizing, Directing, Co-ordination, Budgeting) साथै विद्यार्थीहरुको संलग्नता, शैक्षिक कार्यक्रमः विद्यार्थी मूल्याङ्कन, शैक्षिक उत्पादन, शैक्षिक उपलब्धि नै शैक्षिक उत्पादन हो । शिक्षा प्रणालीको कार्यान्वयनबाट निस्कने उत्पादनलाई शैक्षिक उत्पादन भनिन्छ । कुनैपनि योजना वा कार्यक्रमको कार्यान्वयनपछि केही न केही फलको आशा गरिन्छ । यसैगरी शिक्षा प्रणालीको कायान्वयनपछि नतिजाको आधार गरिएको हुन्छ । यसरी विद्यार्थीहरुले के के सिके वा कति विद्यार्थीहरु सिकाइ सिक्न सफल भए भन्नुलाई शैक्षिक उत्पादन भनिन्छ । पूर्ण शैक्षिक उत्पादनः शिक्षामा गरिएको लगानीअनुसारको प्रक्रिया पूरा गरी शैक्षिक उद्देश्य प्राप्त गरेको उत्पादित जनशक्तिलाई पूर्ण शैक्षिक उत्पादन भनिन्छ । अपूर्ण शैक्षिक उत्पादनः शिक्षा प्रणालीको उद्देश्य पूरा गर्न नसकेका जनशक्तिलाई अपूर्ण शैक्षिक उत्पादन भनिन्छ । विद्यालयले कस्तो शिक्षाको अपेक्षा गरेको हो त्यसका लागि कस्तो लगानी भए, कस्ता प्रक्रिया भए, कस्तो उत्पादन प्राप्त भयो, उत्पादित जनशक्तिले आफ्नो जीवनलाई राम्रोसँग सञ्चालन गर्ने सीप, दक्षता हासिल गरेको छ भने त्यसलाई गुणस्तरीय शिक्षा भनिन्छ ।

सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था उकास्न र शैक्षिक क्रियाकलापहरुलाई अपेक्षित लक्ष्यमा पुऱ्याउने व्यवस्थापनको अपरिहार्य भूमिका रहन्छ । स्तरीय व्यवस्थापनका कारणले नै विश्वका विकसित मुलुकको शिक्षा र गुणस्तर दुबै उच्च कोटिको छ । समुन्नत र स्तरीय शिक्षाका लागि बहुपक्षीय प्रयत्नको आवश्यकता पर्दछ । त्यसैले सामुदायिक विद्यालयमा व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका रहेको छ । सामुदायिक विद्यालयको शैक्षिक ह्रासमा व्यवस्थापन पक्ष पनि त्यत्तिकै जिम्मेवार छ । सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार्न व्यवस्थापन पक्षबाट निम्न कुराको अपेक्षा गर्न सकिन्छ । व्यवस्थापनले शिक्षकलाई पेसाप्रति समर्पित हुने किसिमको वातावरण तयार गर्ने, शिक्षक-विद्यार्थी अनुपात मिलाउन सरकारलाई दबाब दिने, पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ पुस्तक राख्न विद्यालयले

पुस्तकालयको व्यवस्था गर्ने, विद्यार्थीले गरेको गृहकार्य नियमित रुपमा हेर्न लगाउने, प्रत्येक विद्यार्थीको प्रत्येक विषयको प्रगति विवरण राख्न लगाउने, विद्यार्थीले तयार गरेका विभिन्न सामग्रीहरु कक्षाकोठा, कार्यालय कोठाका भित्ताहरुमा टाँस्ने र सजाएर राख्ने, विद्यार्थीमा अनुशासन र नैतिक आचरणको विकास गराउन एवम् शैक्षिक क्षेत्रमा देखा परेका विसङ्गति विरुद्ध जनचेतना अभियान सञ्चालन गर्ने, शैक्षिक प्रदूषण रोक्ने, व्यवस्थापनले आफ्नो स्रोतले भ्याउने गरी शिक्षकलाई थप आर्थिक सुविधा उपलब्ध गराउने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने, राजनीतिक, धार्मिक एवम् साम्प्रादायिक भावनाको आधारमा वातावरण धमिल्याउन नदिने ।

शैक्षिक गुणस्तर भनेको के हो? सधैं बहसमा आउने गरेको प्रश्न हो यो । निर्क्योल हुन बाँकी रहेको छ, तापनि चिन्तनहरु, दृष्टिकोण र अवधारणहरु प्रशस्तै आँक्न थालेका छन् । गुणस्तरको शब्दार्थमा हेर्ने हो भने स्तर तुलना हो । मानव कार्य र आवश्यकताको आधारमा हेर्ने हो भने उपभोक्ताको सन्तुष्टि वा आवश्यकतालाई पूर्ति गर्नु गुणस्तर हो । अर्थशास्त्रीय कोणबाट हेर्दा सेवामा प्रभावकारिता, विश्वसनियता उपभोक्ता तथा लगानीकर्ताको सन्तुष्टि तथा उपभोक्ताको सामर्थ्य भित्र छ भने त्यो गुणस्तर हो ।

शिक्षाको गुणस्तरका लागि व्यवस्थापनको ठूलो भूमिका रहन्छ । सकेसम्म धेरैको सहयोग र सहभागिता जुटाएर उद्देश्य पूरा गर्ने कला व्यवस्थापन हो । राम्रो र किफायती रुपले काम गराउनु, सही व्यक्ति सही ठाउँमा राख्न, अधिकार र उत्तरदायित्वको बाँडफाँड गर्नु, व्यक्तिगत र सामुहिक भूमिका परिभाषित गर्नु, अन्तरनिहित क्षमता र भावनाको प्रस्फुटन गराउने लगायतका क्रियाकलापहरु व्यवस्थापनका विशेषता हुन् । व्यवस्थापन शासन होइन र निर्णय मात्र पनि होइन यो त सामाजिक क्रियाकलाप मानिन्छ ।

गुणस्तरको मापदण्ड र सूचकको बारेमा खोज अनुसन्धान गर्ने क्रममा शिक्षा आफैमा अभौतिक कुरा भएकाले यसलाई मापन गर्ने कुरा सरल नहुनु अस्वाभाविक होइन । निकै विशद् र बृहत्तर विषय भएको कारणले एउटा मात्र आँखाबाट वा एकलो मापदण्ड बनाएर यसलाई मापन गर्न सकिंदैन । बरु, शिक्षा हासिल गरेको व्यक्तिको ज्ञान, सीप र अभिवृत्ति हेरेर त्यसको आधारमा उसले हासिल गरेको शिक्षाको स्तर आँकलन गर्न सकिने कुरामा खासै विमति भेटिन्न । शिक्षाको अभिप्राय र व्यक्तिसित त्यसको सम्बन्ध मूलतः यिनै तीन कुरा (ज्ञान, सीप र अभिवृत्ति) सित सम्बन्धित देखिन्छ ।

स्तरीय शिक्षाको मापदण्ड र सूचकको कुरा गर्दा, पाठ्यक्रमले राखेका लक्ष्य र सिकाइको उपलब्धिस्तर मापनको एउटा महत्वपूर्ण आधार हुन सक्ने दखिन्छ । किनभने, स्कुलहरुका लागि निर्दिष्ट पाठ्यक्रम बनाइएको हुन्छ र जाँच पनि सोही आधारमा लिने गरिन्छ । त्यसले सिकाइएको कुरा विद्यार्थीले कति सिक्न सके वा जाने भन्ने कुरा नै स्तर मापनको एउटा आधार बन्न आउँछ । कक्षागत वा तहगत रुपमा विद्यार्थीको सिकाइ उपलब्धि मापन गरेर त्यसको अवस्था थाहा पाउन सकिन्छ । नेपालमा सन् १९८७ यता कक्षा ३, ५ र ८ को राष्ट्रियस्तरमा उपलब्धि जाँच गर्ने काम एकाध पटक भएको छ। शिक्षा विभागले यसपालि कक्षा दशको उपलब्धि मापनको सिलसिलामा अनुसन्धान गराएको छ ।

के-कति ज्ञान आर्जन गरे स्तरीय हुने, के कति भए चाँहि स्तरहीन भन्ने कुरा छुट्याउन पनि त्यति सजिलो छैन । उहिले उहिले शिक्षा मूलतः ज्ञान आर्जनसित सम्बन्धित थियो, तर आज हासिल ज्ञानबाट समाज रुपान्तरणमा के कस्तो योगदान पुग्न सक्यो वा के कति आर्थिक उपार्जन भयो भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन गएको छ । डिग्री धारी भएर पनि ज्ञान हासिल गरेको क्षेत्रमा काम गर्न वा सृजना गर्न असमर्थ भएपछि उपलब्धिको कुरा पनि साथसाथै जोडिन आइपुगेको हो ।

गुणस्तरीय शिक्षा विकासमा विद्यालयको भौतिक पक्षको व्यवस्था जहाँ कक्षाकोठामा फर्निचर रखाइको तरिका, कालोपाटी रखाइ, शैक्षिक सामग्रीको प्रयोग र रखाइको व्यवस्था, सरसफाईको व्यवस्था त्यस्तै अफिस कोठाको राम्रो व्यवस्था, पुस्तकालयको व्यवस्था, शिक्षकको व्यवस्था, विद्यालयको आर्थिक स्रोत, परीक्षा सञ्चालन, अतिरिक्त क्रियाकलापको सञ्चालन, पाठ्यपुस्तकको समयमा व्यवस्थापन, शिक्षक दरबन्दी, शिक्षक र विद्यार्थीको अनुपात जस्ता पक्षहरुले शिक्षा प्रदान गर्ने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । उपरोक्त पक्षहरुको राम्रो सुधार गर्न सकेमा कुनै पनि विद्यालयमा विद्यार्थीलाई स्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । अतः विद्यालय राम्रो पढाइ नहुनुको पछाडि कुन-कुन पक्षको कमजोरी हो यसको लागि विद्यालयलाई के कसरी व्यवस्थापन गर्न सके गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने अनुसन्धान गर्न मैले यस अध्ययन सान्दर्भिक ठानेर अगाडि बढाउने प्रयास गरेकी छु ।

### १.२ समस्याको कथन

शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो । गुणस्तरीय शिक्षा विना कुनैपनि व्यक्तिले आत्मोन्नति गर्न सक्दैन । गुणस्तरीय शिक्षाले नै व्यक्तिको व्यवहार परिवर्तन गर्दछ । शिक्षा सर्वसुलभ निःशुल्क र अनिवार्य हुनुपर्दछ । समयको गतिशीलता र परिवर्तनशीलतासँगै मानव समाजमा पनि परिवर्तन भइरहेको हुन्छ । अतः समयको आवश्यकता र चाहना अनुसार शिक्षाको लक्ष्य र उद्देश्य पनि परिवर्तनशील हुँदै जानु पर्दछ । ठीक दिशाको ज्ञानको अभावमा बटुवाको यात्रा दिग्भ्रमित भई कुहिरोको काग जस्तो बन्दछ । दिशाहीन, भ्रमित वा गलत दिशामा गरेको यात्रा कष्टदायक, निरर्थक, अनुपयोगी सावित हुन्छ । त्यसेले व्यक्तिलाई सही दिशा प्रदान गर्न, व्यक्तिको क्षमता, प्रतिभा प्रस्फुटन गराउन गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय व्यवस्थापनको प्रमुख भूमिका रहन्छ । विद्यालयको भौतिक व्यवस्थापन, प्रधानाध्यापक, अभिभावक, शिक्षकहरुको व्यवस्था, विद्यार्थी, वार्षिक योजना, सर्वपक्षीय समन्वय, निर्देशन र नियन्त्रण आदि विद्यालय व्यवस्थापनको प्रमुख स्तम्भ हो । अन्यथा विद्यालयले राखेको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न कठिन पर्दछ ।

विद्यालयको गुणस्तरीय शिक्षामा प्रश्न चिह्न लागिरहेको समयमा कसरी गुणस्तरीय शिक्षाको विकास गर्न सकिन्छ भन्ने टड्कारो समस्यालाई विद्यालयको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा गम्भीर भएर सोच्नु पर्दछ । कुन-कुन उपायद्वारा स्तरीय शिक्षा बालबालिकालाई प्रदान गर्न सकिन्छ । कसरी शिक्षक कर्मचारीको मनोभावनालाई उच्च वा उत्प्रेरित गर्न सकिन्छ, विद्यालयको लागि आर्थिक रुपमा बजेटको तर्जूमा कुन-कुन स्रोतबाट उपलब्ध गर्न सकिन्छ वा विद्यालयको चौतर्फी विकासको लागि के-के पहल गर्न सकिन्छ वा विद्यालयको गुणस्तरीय शिक्षा विकासमा विद्यालयको व्यवस्थापनले के कस्तो भूमिका निर्वाह गरेको छ र के-के कमीकमजोरी विद्यालयमा रहेका छन् ? आदिलाई मनन गरी यस अनुसन्धानको उद्देश्य अनुरुप अध्ययनको समस्याको कथनको रुपमा गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन रहेको छ ।

## १.३ अध्ययनको औचित्य

कुनैपनि विषयमा गरिने अध्ययन तथा अनुसन्धान चुनौतिपूर्ण कार्य हो । अध्ययन गर्ने क्रममा समस्या कहाँ छ र समस्याको कारण के हो भनेर केलाउनु पर्दछ । कुनैपनि संघसंस्थाले राखेको उद्देश्य अनुसार उपलब्धि हासिल गर्न त्यति बेला मात्र सफल हुन्छ जुनबेला त्यस संस्थाको स्रोत र साधनको व्यवस्था र उच्चतम उपयोग गर्न सकिन्छ, अन्यथा सम्भव हुन गाह्रो पर्दछ । विद्यालयको गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको अपरिहार्य भूमिका रहन्छ । स्तरीय व्यवस्थानका कारणले नै विश्वका विकसित मुलुकले शिक्षाको स्तर उच्च कोटिको रहन गएको छ । समुन्नत र स्तरीय शिक्षाले नै देशलाई अग्रस्थानमा पु¥याउँछ । तसर्थ यसका लागि विद्यालय व्यवस्थापन गर्नु महत्वपूर्ण कार्य मानिन्छ । अतः यस शोध अध्ययन गर्नु औचित्यपूर्ण छ । व्यक्तिको सर्वाङ्गीण विकास गुणस्तरीय शिक्षाले नै गर्दछ । गुणस्तरीय शिक्षाका लागि विद्यालयमा उपलब्ध गराउनु पर्ने भौतिक सुविधा, शैक्षिक सामग्री, उपयुक्त शैक्षिक वातावरण नै विद्यालय व्यवस्थापनको तत्वभित्र पर्दछ । यी कुराहरुको बारेमा यस अध्ययनभित्र समेटिने हुँदा औचित्यपूर्ण मानिन्छ ।

विद्यालयले प्रदान गर्ने शिक्षा गुणस्तरीय हुनुपर्दछ । शिक्षाले उपलब्धि प्रदान गर्नुपर्दछ । स्तरीय शिक्षा प्रदान गर्न विद्यालयको प्रशासन पक्षको मात्र एक्लो प्रयासले सम्भव हुँदैन । विद्यालयको सम्पूर्ण पक्ष लागिपरेको हुनुपर्दछ । वा विद्यालयको सबै पक्षहरुको सक्रिय सहभागिता हुनुपर्दछ । त्यसकारण विद्यालय व्यवस्थापनलाई सुदृढ पार्ने तत्वहरु पत्ता लगाई व्यवस्थापन गर्न सहयोग हुन सक्दछ ।

विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापनको बारेमा अध्ययन, अनुसन्धान नभएको हुँदा यस अध्ययनबाट विद्यालयले प्रदान गर्ने शिक्षा कसरी कुन कुन पक्षमा सुधार गर्न सके गुणस्तरीय शिक्षा हुन सक्छ । विद्यालयलाई राम्रो व्यवस्थापन गर्न यस अध्ययन सहयोगी हुन सक्छ ।

विद्यालयको शिक्षालाई स्तरीय बनाउन उपयुक्त भौतिक सुविधा, योग्य शिक्षक, विषयवस्तुअनुरुप शैक्षिक सामाग्रीहरु, पुस्तकालय, विज्ञान प्रयोगशाला, अतिरिक्त क्रियाकलाप सामग्रीहरु आदि उपलब्ध गराउनु पर्दछ । अनि मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । यसको व्यवस्था गर्न विद्यालय व्यवस्थापनको भूमिका रहन्छ भन्नेतर्फ ध्यान केन्द्रित गराउन यस अध्ययनले सहयोग गर्दछ ।

बिरुवा गोडमेलबाट सप्रन्छ भने मानिस शिक्षाले असल बन्दछ । गुणस्तरीय शिक्षाले नै मानिसको जीवनलाई आमूल सकारात्मक परिवर्तन गर्दछ । मानिसको स्वभाव स्वार्थी प्रकृतिको हुन्छ । राम्रो कामको जस आफूले लिने र नराम्रो कामको परिणाममा अरुलाई दोष दिने प्रवृत्ति हुन्छ । विद्यालयको शैक्षिक गुणस्तर कम भएमा एकले अर्कोलाई दोषारोपण गर्ने गरेको देखिन्छ । यस्तो अवस्था नै आउन नदिन यस अध्ययन सार्थक हुन सक्छ ।

विद्यालयको सञ्चालन सुरुदेखि नै राम्रोसँग गर्न सके शैक्षिक उपलब्धि पनि राम्रो हुने हुँदा विद्यालय व्यवस्थापनले नै गुणस्तरीय शिक्षाका लागि कुन कुन तत्वहरुमा सुधार र व्यवस्था गर्न कस्तो रणनीति, योजना कार्यान्वय गर्नुपर्दछ भन्ने मार्गदर्शन गर्न यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानका निम्न लिखित उद्देश्यहरु छन् :

१. गुणस्तरीय शिक्षाका लागि व्यवस्थापनले खेल्ने भूमिका पहिचान गर्नु ।
२. सार्वजनिक विद्यालय र संस्थागत विद्यालयको व्यवस्थापन बीचका भिन्नताहरु पत्ता लगाउनु ।
३. गुणस्तरीय शिक्षाका लागि व्यवस्थापनमा सुधार गर्नुपर्ने उपायहरुको पहिचान गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार रहनेछन्:

१. गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको भूमिका कस्तो छ ?
२. सामुदायिक र संस्थागत विद्यालयको वर्तमान व्यवस्थापनको अवस्था कस्तो छ ?
३. विद्यालयहरुले गुणस्तरीय शिक्षाका लागि के-कस्ता सुधारका उपायहरु अपनाउन सकिन्छ ?
४. गुणस्तरीय शिक्षाका लागि आवश्यक तत्वहरु के के हुन् ?
५. विद्यालय व्यवस्थापन गर्न कुन कुन पक्षहरुलाई सुदृढ बनाउनु पर्दछ ?

## १.६ अध्ययनका परिसीमाहरु

विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापनको भूमिका महत्वपूर्ण रहन्छ । यसका लागि विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना ल्याउनु पर्दछ । विना लक्ष्य र योजना कुनै व्यक्ति, संस्था वा विद्यालय सफल हुन सक्दैन । स्तरीय शिक्षा प्रदान गर्न कुशल शिक्षक, अनुशासित र लगनशील विद्यार्थी, भौतिक संरचना, पुस्तकालय, विज्ञान प्रयोगशाला आदि तत्वहरुकले सहयोग पुऱ्याउँदछ । यसलाई राम्रोसँग प्रयोग र परिचालन गर्न विद्यालय प्रशासन, शिक्षक र विद्यालय व्यवस्थापन समितिको ठूलो हात रहन्छ । अतः यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक भएपनि समय, स्रोत र साधनको अभावलाई ध्यान दिदै निम्न परिसीमाहरु तोकिएको छ :

यो अध्ययन सिन्धुली जिल्लाको दुइओटा सामुदायिक विद्यालयहरु श्री गौमती स्रोतकेन्द्रअन्तर्गत कमलामाई नगरपालिका वडा नं. ६ को श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार तथा वडा नं. ७ को श्री उच्च माध्यमिक विद्यालय गडौली तथा सोही नगरपालिकाअन्तर्गतका दुइओटा संस्थागत विद्यालयहरु श्री भगवती अंग्रेजी आवासीय उच्च माध्यमिक विद्यालय माडीबजार र श्री सिद्धस्थली अंग्रेजी आवासीय उच्च माध्यमिक विद्यालय माडीबजारको मात्र अध्ययन गरिएको छ । यस अध्ययन छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सदस्य, शिक्षक र कक्षा १० का विद्यार्थीहरुसँग प्रत्यक्ष अन्तर्वार्ता र अवलोकनको माध्यमबाट गरिएको छ । यस अध्ययन उपर्युक्त पक्षहरुलाई प्रश्नावली भराई र अन्तर्वार्ताद्वारा गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको सिंहावलोकन

### २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

विभिन्न लेखक, सिद्धान्तकार, अध्ययन अनुसन्धानकर्ता आदिले गुणस्तरीय शिक्षा, विद्यालय व्यवस्थापन समिति तथा व्यवस्थापनलाई सुदृढ पार्ने तत्वहरुसँग सान्दर्भिक हुने लेख, अनुसन्धान, प्रतिवेदन र पुस्तकहरुमा प्रकाशन गरेका छन् । अतः यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखहरुको अध्ययन अपरिहार्य भएकोले निम्नानुसार संक्षेपमा प्रस्तुत गरिएको छ । कुनैपनि वैचारिक पक्षको अध्ययन र उक्त अध्ययनको आधारमा सैद्धान्तिक खाका निर्माण पश्चात अध्ययनसँग सम्बन्धित शोधपत्र, सान्दर्भिक प्रतिवेदन, विभिन्न विद्वान, दार्शनिक र शिक्षाविद्हरुको लेखहरुको पुनरावलोकनले यस अध्ययनलाई थप प्रष्ट पार्न सहयोग पुऱ्याउने हुँदा प्रकाशित लेख, शोधपत्रहरु र सान्दर्भिक प्रतिवेदनका सारलाई यहाँ राखिएको छ ।

वैचारिक पक्षको अध्ययन र त्यसका आधारमा खाका निर्माण गरेपछि मेरो अनुसन्धानसँग मिल्दाजुल्दा अनुसन्धान प्रतिवेदनहरु, शोधपत्रहरुको पुनरावलोकन गरियो । यस क्रममा संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन नामक शोधपत्र अध्ययन गरियो । यस अनुसन्धानअनुसार सामुदायिक विद्यालयको व्यवस्थापन पक्ष दयनीय, विद्यालय परिवारलाई समुदायको नगन्य सहयोग प्राप्त, विद्यालयको शैक्षिक पक्षभन्दा भौतिक पक्षमा जोड दिएको विद्यालयका प्रशासक आफूलाई उच्च स्तरको कर्मचारीको रुपमा चिनाउन चाहने र शिक्षकहरु जागिरे जीवन बिताउने गरेको, विद्यालयमा अध्ययन गर्ने विद्यार्थी निम्न आर्थिक अवस्थाका कारण उनीहरु खेतीपातीको समयमा विद्यालयमा भन्दा खेतीपातीलाई प्राथमिकता दिनुपर्ने हुँदा विद्यार्थीमा नियमितता नभएकोले विद्यालयलाई शैक्षिक व्यवस्थापन गर्न गाह्रो परेको र शैक्षिक स्तर खस्कदो रहेको पाइयो ।

संस्थागत विद्यालयको व्यवस्थापनको अध्ययन गर्दा विभिन्न व्यक्तिको लगानीबाट सञ्चालन गर्ने भएकाले मुनाफा कमाउने उद्देश्यबाट गरेको विद्यालयको भौतिक पक्ष

दयनीय भएको संस्थागत विद्यालयका अभिभावकहरु आर्थिक रुपमा मध्यस्तरका भएकाले चेतनाको कारणले गर्दा विद्यालयको हरेक क्रियाकलापमा सहभागी हुने गरेको, विद्यालयको पढाइको स्तर के-कस्तो छ भनेर अभिभावकबाट नियमित रुपमा निरीक्षण र अनुगमन हुने गरेको पाइन्छ । भौतिक पक्ष कमजोर भएपनि विद्यालयमाथि अभिभावकको दबाब, प्रतिष्पर्धामा विद्यालयलाई लैजानु पर्ने बाध्यताले गर्दा विद्यालयको अन्य पक्षलाई भन्दा शैक्षिक पक्षलाई पहिलो प्राथमिकता दिई शैक्षिक गुणस्तर निर्धारण गर्न लागिपरेको देखिन्छ भन्ने कुरा प्रस्तुत गरेको पाइन्छ, (राउत, २०६१) ।

विद्यालय व्यवस्थापन समितिको भूमिका नामक लेखमा निजीकरण र उदारीकरण जस्ता कुरा शिक्षा क्षेत्रमा प्रवेश गरेकोले त्यस्तो महंगा शैक्षिक संस्थाहरुले छिट्टै फल्ने, फूल्ने अवसर प्राप्त भई सरकारी विद्यालयले दिने सस्तो शिक्षा अति कमजोर र गुणस्तरहिन बन्दै गएको छ । सीमित व्यक्तिबाट नाफा आर्जन गर्न उद्देश्यले निजी संस्थागत एवम् विदेशी सम्बन्धनबाट खुलेका विद्यालय शिक्षाको गुणस्तर राम्रो देखिनु, निर्णय प्रक्रिया छिटो छरितो र उचित व्यवस्थापनले गर्दा हो भने सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रबर स्टाम्पको अवस्थामा भएको हुनाले सामुदायिक विद्यालयहरुलाई निजी तथा अन्य विदेशी सम्बन्धन प्राप्त विद्यालयहरुको स्तरमा उठाउन शिक्षा नियमावली परिवर्तन गरी विद्यालय व्यवस्थापन समिति समग्रमा शक्तिशाली बनाउनु पर्ने कुरा व्यक्त गर्नुभएको पाइन्छ, (पौडेल, २०६०) ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले शैक्षिक व्यवस्थापनको सम्बन्धमा विद्यालयहरु पूरा समय सञ्चालन नरहने गरेकाले प्रधानाध्यापकद्वारा विद्यालय समयसम्म सञ्चालन गराउनु पर्ने, विद्यालयमा शैक्षिक सामग्री, पाठ्यसामग्री तथा सहायक सामग्रीको व्यवस्था गर्नुपर्ने, विद्यालयभित्र प्रत्येक शिक्षक तथा कर्मचारीमा उत्तरदायित्वको अभाव रहेको पाइन्छ । त्यसैले यस सम्बन्धमा आवश्यक कदम चाल्नु पर्ने, विद्यालय हाता, कक्षाकोठा र अन्य कोठाहरु व्यवस्थित गर्नुपर्ने, आर्थिक रुपमा विद्यालयहरु केन्द्रमुखी भएको पाइन्छ, त्यसो नभई विद्यालयलाई आत्ममुखी बनाउनु पर्ने, विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाई सम्भव भएसम्म जनसहभागिता बढाउनु पर्ने कुराहरुमा जोड दिएको पाइन्छ, (रा.शि.प. आ.,२०४९) ।

उच्च स्तरीय राष्ट्रिय आयोग (२०५५) मा शैक्षिक व्यवस्थापनका समस्या र समाधानको लागि प्रधानाध्यापकको नियुक्ति, काम कर्तव्य नाम मात्रको रहेकोले यसबाट अपेक्षित भूमिका निर्वाह गर्न सक्ने बनाउनको लागि प्राथमिक विद्यालयमा निम्न माध्यमिक योग्यता, निम्न माध्यमिक तहमा माध्यमिक योग्यता र माध्यमिक विद्यालयमा उच्च माध्यमिक योग्यता भएका व्यक्तिहरु बीचबाट प्रतियोगिता गराई सक्षम र योग्य व्यक्तिलाई प्रधानाध्यापक छान्नु पर्ने, विद्यालय व्यवस्थापन सम्बन्धमा सुव्यवस्था गर्नुको लागि आवश्यक पर्ने विद्यार्थी, शिक्षक, भौतिक आदि व्यवस्थापन हेरेर विद्यालय प्रधानाध्यापकले योजना बनाई काम गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति गठन गरी त्यसलाई विद्यालयको हित र आवश्यकतामा अत्याधिक परिचालन गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ, (उ.रा.शि.प.आ., २०५५) ।

शैक्षिक गुणस्तर शिक्षाका लागि प्रभावकारी व्यवस्थापन भूमिका नामक लेखमा शैक्षिक गुणस्तरको अर्थ र शिक्षाको गुणस्तर विकास गर्न विद्यालय व्यवस्थापनले नै भूमिका निर्वाह गरेको हुन्छ भन्ने व्यक्त गर्नुभएको छ । गुणस्तर भन्ने शब्दको अर्थ स्तर तुलना हो । अर्थशास्त्रीय कोणबाट परिभाषित गर्ने हो भने सेवामा प्रभावकारिता, विश्वसनीयता, उपभोक्ता तथा लगानीको सन्तुष्टि तथा उपभोक्ताको सामर्थ्यभित्र पनि छ भने त्यो गुणस्तर हो । युनेस्को, १९९६ ले २१ औं शताब्दीको शिक्षाका चारओटा खम्बा प्रस्तुत गरको छ । पहिलो खम्बा Learning to know ले ज्ञान आउने जुन जीवनभर भइरहनु पर्दछ भन्ने मान्यता राख्दछ, दोस्रो खम्बा Learning to Do ले जानेको कुरा गर्न व्यावसायिक कुशलता तथा सीप खोजेको छ । तस्रो खम्बा Learning to be ले आत्म गौरवयुक्त स्वाभिमानी जीवन जिउन सिक भनेको छ र चौथो खम्बा Learning to live together ले सँगै बाँच्न सिकौं भनेको छ । यी चारओटा खम्बा दह्रो छ भने गुणस्तरीय शिक्षा हो भन्न सकिन्छ । मन्टेसरी, फ्रोबेल, रुसो, पियाजे, अब्राहम लिङ्कन, माओत्सेतुङ वा अरु जोसुकै चिन्तकहरु हुन सबैले भन्ने गरेको कुराको सार के हो भने बालक जन्मदै क्षमता र सम्भावनाहरु बोकेर आउँछ । वातावरणको अन्तर्क्रियाबाट यो क्षमता प्रस्फुटित हुन्छ । यही मान्यता बोकेको शिक्षाको बालकेन्द्रित शिक्षाद्वारा नै प्रशस्त अनुभवहरु दिएर उसका क्षमतालाई मलजल गरिदिने काम गरी क्षमताको अधिकतम प्रयोग भयो भने गुणस्तरीय शिक्षाको बाटो समातेको हुन्छ । यस्तो तार्किकता सिर्जनशीलता विनम्रता सौन्दर्यात्मकताको उजागर गरिदिएको छ । अतः व्यक्तिले आफ्नो जीवनलाई सही मार्गमा डोर्‍याउन प्रदान गरिने स्तरीय शिक्षा नै गुणस्तरीय शिक्षा हो । गुणस्तरीय शिक्षा विकासका लागि विद्यालय व्यवस्थापनको भूमिकालाई लेखकले यसरी

बताएका छन् : सकेसम्म धेरैको सहयोग र सहभागिता जुटारएर उद्देश्य पूरा गर्ने कला व्यवस्थापन हो । राम्रो र किफायती ढङ्गले काम गराउनु, सही व्यक्ति सही ठाउँमा राख्नु, अधिकार र उत्तरदायित्व बाँडफाँड गर्नु, व्यत्तिगत र सामुहिक भूमिका परिभाषित गर्नु, अन्तरनिहित क्षमता र भावनाको प्रस्फुटन गराउने लगायतका क्रियाकलापहरु व्यवस्थापनाका विशेषताहरु हुन् । व्यवस्थापन शासन होइन र निर्णय मात्र पनि होइन यो त सामाजिक क्रियाकलाप हो, (सापकोटा, २०६२) ।

व्यवस्थापन प्रक्रियामा मूलभूत रुपमा चारओटा तत्वहरु वा अंगहरु अपनाइन्छन् । त्यसलाई सूत्रमा PODC भन्ने गरिन्छ । P ले  Planning (योजना), जनाउँछ जसको अर्थ आवश्यकता पहिचान गर्न भविष्यको बाटो पहिल्याउने के, कहिले, कसरी, कसले, कहाँ आदि प्रश्नको उत्तर खोज्ने काम योजना निर्माणको काम हो । O ले Organization (संगठन), मानिस र स्रोत साधनलाई संगठित गर्ने र जुटाउने, उचित संरचना तयार गर्ने, अख्तियारी प्रदान गर्ने, नीति नियमले सीमांकन गर्ने लगायतका काम यसअन्तर्गत पर्दछ । D ले Direction (निर्देशन), नेतृत्व प्रदान गर्नु, सहयोग, सहमती र सहभागिताको लागि उत्प्रेरित गर्नु, कामको समन्वय गर्नु र आदेशको सट्टा परामर्श दिनु । C ले Control (नियन्त्रण), नीति, नियम, उद्देश्य, निर्णय अनुरुप काम भए, नभएको हेर्ने, प्रतिवेदनहरु लिनेदिने, विचलनहरु फेला पार्ने, फेला परेका विचलनहरुमा सुधार ल्याउने आदि काम यस अन्तर्गत पर्दछन् । योजनाको मूल्यांकन यसै चरणमा हुन्छ । अन्तमा लेखकले विद्यालय व्यवस्थापन समितिले निम्न कार्य गर्नुपर्ने राय दिनु भएको छ ।

प्रधानाध्यापकलाई कुशल प्रशासक तथा जिम्मेवार शैक्षिक नेताको रुपमा स्थापित हुन अवसर र वातावरण प्रदान गर्ने, CDC बाट निर्धारित तथा विद्यालयले थप गरेका पाठ्यक्रमलाई विद्यार्थी समक्ष पुऱ्याउनु, शिक्षणभन्दा सिकाइलाई उत्प्रेरित गर्न कक्षाकोठालाई प्रमुख कार्यथलो बनाउन प्रधानाध्यापक र शिक्षकलाई सहजीकरण गरिदिने । अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुले गरेको क्रियाकलापको जानकारी लिन उत्सुकता जगाउनु, विद्यालयको समस्या अभिभावकहरुको समस्या पनि हो भन्ने भावनाको विकास गराउनु, विद्यालयले के कस्तो सेवा, सुविधा र शिक्षा प्रदान गरेको छ निरीक्षण र मूल्यांकन गर्नुपर्दछ । अरुका राम्रा अनुभवलाई विद्यालयमा भित्र्याउने । प्रधानाध्यापक, शिक्षक, विषय शिक्षक, अभिभावकमा समन्वय गराउने, विषयविज्ञहरुबाट कक्षा अवलोकन, पृष्ठपोषण र

शिक्षक कर्मचारीहरुलाई उत्प्रेरित गराउने । विद्यालयको स्थापना र विकासमा योगदान गर्नेहरुलाई यथोचित सम्मान र उत्प्रेरित गर्ने, (सापकोटा, २०६३) ।

Primary School Headmasters Training Package (1994) मा विद्यालय व्यवस्थापनलाई जोड दिएको पाइन्छ । यस तालिम पुस्तिकामा विद्यार्थी व्यवस्थापन, शिक्षक व्यवस्थापन, भौतिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, समुदाय व्यवस्थापन, शैक्षिक व्यवस्थापन जस्ता पक्षहरुलाई जोड दिएको छ ।

उपर्युक्त पक्षहरुको विद्यालयमा उचित र प्रभावकारी व्यवस्थापन भए तापनि लगानी र अपेक्षा अनुसार शैक्षिक गुणस्तरमा वृद्धि हुन नसकेको कुरा उल्लेख गरिएको पाइन्छ । यसअन्तर्गत शैक्षिक गुणस्तर वृद्धि नहुनुकोल मुख्य कारणको रुपमा प्रधानाध्यापकको विद्यालय व्यवस्थापन सम्बन्धमा आवश्यक ज्ञान, सीप र क्षमताको कमी हुनुलाई लिइएको छ । विद्यालयको व्यवस्थापन गर्न निम्न समस्याहरु आउने गरेको पाइन्छ :

१. विद्यालयहरु वर्षभरिमा शिक्षा नियमावलीअनुसार २२० दिन खुल्नुपर्ने तर सोभन्दा कम मात्र खुल्ने गर्दछन् ।
२. विद्यालयमा विद्यार्थी अभिलेख राम्रोसँग राखिदैन जसको कारण प्राप्त हुनुपर्ने सूचनाहरु ठीकसँग प्राप्त नहुनु,
३. विद्यालयमा प्राय गरेर वार्षिक कार्यक्रमहरु तयार गरिदैन जसको फलस्वरुप प्रधानाध्यापकहरुलाई कार्य निर्देशन हुँदैन, जथाभावी अन्योलमा विद्यालय सञ्चालन हुन्छन् ।
४. विद्यालयमा प्रायः भौतिक समस्या रहनु जसको कारणले शैक्षिक व्यवस्थापनमा समेत त्यसको प्रभाव पर्दछ अनि स्तर कम हुन पुग्दछ ।
५. विद्यालय निरीक्षण वा स्रोतव्यक्ति भएता पनि समय समयमा विद्यालय व्यवस्थापन समिति नहुनु, कतै भए तापनि प्रायः सक्रिय नहुनु ।
६. प्रधानाध्यापकहरुमा विद्यालय व्यवस्थापन सम्बन्धमा अनुवभ, ज्ञान, नहुनु वा असक्षम हुनु ।

माथिका यी समस्याहरुलाई समाधान गर्नु भनेको नै विद्यालय व्यवस्थापन गर्नु हो । त्यसैले बेलाबेलामा प्रधानाध्यापकहरुलाई व्यवस्थापनसम्बन्धी तालिमहरु दिइएको

पाइन्छ जसले गर्दा प्रधानाध्यापकहरुलाई विद्यालय व्यवस्थापनसम्बन्धी कार्य गर्न सरल हुन्छ, (शैक्षिक जनशक्ति विकास केन्द्र, १९९४) ।

शिक्षा एक गतिशील प्रक्रिया हो, यो मानिसको जन्मदेखि सुरु भएर मृत्यपर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाज विकासको लागि आवश्यक पर्ने जनशक्ति तयार पार्दछ । मानिसको आधारभूत आवश्यकताको रुपमा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पर्दछन् । त्यसमा पनि सबै पक्षहरुको विकास र विस्तार गर्न शिक्षा नै आवश्यक हुन्छ । शिक्षा मानवको ज्योति हो, सभ्यता र संस्कृतिको जननी हो । मानव मस्तिष्क सचेतना एवम् क्रियाशीलताको सोपान हो । एउटा जैविक प्राणी शिक्षाद्वाराज्ञान, सीप र बुद्धियुक्त भएर व्यक्तिगत रुपमा पूर्ण मानिस हुन्छ भने सामुहिक रुपमा एउटा सचेत र सक्षम नागरिक बन्दछ । सामाजिक आवश्यकताको परिपूर्ति शिक्षाकै माध्यमबाट हुन्छ । शिक्षाद्वारानै समाजको लागि आवश्यक ज्ञान, सीप र प्रविधियुक्त दक्ष जनशक्ति उत्पादन हुन्छ । मानव सभ्यताको उषासरी अनवरत र गतिशील रुपमा रहिरहन्छ । आत्मिक, मानसिक, आध्यात्मिक, शारीरिक, वैयक्तिक एवम् सामुहिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानवीय क्रियाकलापहरुको उन्नतिको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति, समाज र राष्टको सर्वाङ्गिण विकासका लागि शिक्षा अपरिहार्य हुन्छ, (खनाल, २०५७) ।

नेपालको वर्तमान शिक्षाको दृश्यपटल जति फराकिलो छ त्यही अनुरुप यसको विगत सांगुरिदैं गएको छ । इतिहास त्यस्तो अनुभव र गोरेटो हो जसलाई पछ्याउँदै नेपालको शिक्षा प्रणाली अहिलेको अवस्थमा आइपुगेको छ । यो अवस्थामा आइपुग्न यसले असंख्य बाटो छिचोल्दै कर्त चिप्लदै त कतै भूल गर्दै हिड्नु परेको थियो । नेपालको विगत शिक्षाको अवसरबाट पटक्कै वञ्चित थिएन । कुनै न कुनै शिक्षा प्रणालीबाट यो मुलुक अवश्य अभिप्रेरित थियो, (वाग्ले तथा अन्य, २०५७) ।

गुणस्तर मापनका १६ आधारहरु गणित, पढाइ, विज्ञान, सूचना तथा सञ्चारप्रविधि, विदेशी भाषा, सिक्ने तरिका सिक्नु, नागरिक शिक्षा, पढाइ छाड्ने दर, उच्च माध्यमिक शिक्षा उत्तीर्ण दर, उच्च शिक्षामा सहभागिता, विद्यालय शिक्षाको मूल्याङ्कन र परिचालन, अभिभावकको सहभागिता, शिक्षक योग्यता र तालिम, पूर्व प्राथमिक शिक्षामा सहभागिता,

कम्प्युटरमा विद्यार्थीको पहुँच, प्रतिविद्यार्थी लगानीजस्ता कुराहरुले गुणस्तरीय शिक्षा व्यवस्थापनमा महत्व राख्ने गर्दछन् ।

त्यस्तै युनिसेफका अनुसार स्तरीय शिक्षाका मापदण्डहरु स्तरीय सिक्ने मानिस, स्तरीय वातावरण, स्तरीय विषयवस्तु, स्तरीय प्रक्रिया, स्तरीय उपलब्धि आदिलाई लिएको छ भने नेपाल सरकारको मापदण्डअनुसार पाठ्यक्रम, शिक्षक, कक्षाकोठा, मूल्याङ्कन, गुणस्तरसँग सम्बन्धित अन्य पक्षहरुमा विद्यालय खुल्ने दिन २२० अनिवार्य रुपमा कायम गरिनु पर्ने, शैक्षिक सत्र निर्धारण गर्ने अधिकार स्थानीयलाई दिनु पर्ने, प्रभावकारी अनुगमन र सुपरिवेक्षणको व्यवस्था कडाइका साथ लागू गर्ने, कक्षा १ देखि ५ सम्म वर्ग शिक्षक र ६ देखि १२ सम्म विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने कुरालाई स्तरीय शिक्षाका आधारभूत पक्ष हुन्, (घिमिरे, २०६८) ।

२००७ सालअघि देशमा शिक्षाको कुनै पद्धति थिएन । स्कुल पनि न्यून थिए । नियमित शिक्षा बजेटको अवधारणा नै थिएन । सरकारी सुविधामा चलेका विद्यालय एक-दुई ओटा मात्रै थिए । बढीजसो समुदायबाटै सञ्चालित थिए ।

२०१० सालतिर अमेरिकी सरकारको सहयोगमा राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । त्यही आयोगले नेपाल पहिलो पटक शिक्षा पद्धति बनायो । आयोगको सुझाव अनुसार नेपालमै पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने अभ्यासको थालनी भयो । त्यसअघि भारतमा पढाइने पाठ्यक्रम र पाठ्यपुस्तकमै नेपालको विद्यालय शिक्षा निर्भर थियो ।

शिक्षकको तालिमको सुरुवात पनि त्यतिबेलै गरियो । तालिम दिइएका शिक्षकहरुलाई सीधै गाउँका विद्यालयमा पठाइन्थ्यो । त्यस्ता शिक्षकको तलवी खर्चमध्य गाउँलेबाट दुईतिहाई र सरकारबाट एकतिहाई व्यहोरिन्थ्यो । मासिक तलव करीब ४५ रुपैयाँ हुन्थ्यो । त्यसताका शैक्षिक विकासमा समुदायको सक्रियता बढी थियो । सरकारले पनि समुदायलाई नै बढी परिचालन गरेको थियो ।

२०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । त्यो समितिले शिक्षा ऐन र नियमावली (एजुकेशन कोड), २०१८ को मस्यौदा सिफारिस गऱ्यो । त्यसअघि शिक्षामा यस्तो कानुनी प्रावधान थिएन । सीपमूलक तथा व्यावसायिक शिक्षाको अवधारणा पनि त्यही समितिले अघि सारेको हो ।

२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) लागू भएपछि नेपालको शिक्षा प्रणालीमा केही ठूला परिवर्तनहरु भए । शिक्षामा सरकारको लगानी बढेर बजेट पाँच प्रतिशत नाघ्यो । सरकारबाट विद्यालयले पाउने अनुदान रकम वृद्धि भयो । यही योजनसँगै जिल्ला शिक्षा कार्यालयहरु खोलिए । कर्मचारीहरु भर्ना गरिए । विद्यालयको अनुगमन र सुपरीवेक्षणको थालनी भयो । स्नातक उत्तीर्ण शिक्षकले राजपत्रांकित श्रेणीमा बढुवा पाए । शिक्षकहरुको तलवमा पनि वृद्धि भयो । यसै योजनाले विद्यालय शिक्षालाई प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको नयाँ ढाँचामा रुपान्तरण गरेको हो । नयाँ शिक्षा योजनाको पाँच वर्षमा रु ५७ करोड खर्च गर्ने लक्ष्य राखिएको थियो । सँगै विद्यार्थी भर्ना दर क्रमशः बढाउँदै लैजाने लक्ष्य पनि यस योजनामा थियो । त्यो पूरा भयो पनि । वास्तवमा शिक्षामा सरकारी प्रतिवद्धताको सुरुवात त्यही योजनाले गरेको थियो । विद्यमान शैक्षिक पद्धतिको जग नै त्यही योजना थियो । नयाँ शिक्षा योजना सीधै दरबारबाट आएको थियो । सो योजना कसरी र कसले सहयोग गऱ्यो भन्ने कुरा चाँहि कसैलाई थाहै भएन ।

यस अवधिमा केही नकारात्मक परिणामहरु पनि देखिए । नयाँ शिक्षा योजनाअघि प्रायः विद्यालयहरु समुदायका स्वामित्व र नियन्त्रणमा थिए । विद्यालय अनुदान र शिक्षकको तलवभत्ता सरकारले व्यहोर्ने भएपछि पहिलेका सञ्चालक समितिहरु भङ्ग गरिए तर समुदायको सम्पूर्ण स्वामित्व सरकारले नै लिने परिकल्पना नयाँ शिक्षाले गरेको थिएन । सरकारबाट बढी तलव पाएपछि शिक्षकहरुले समुदायलाई टेर्न छाडे । त्यसपछि विद्यालय व्यवस्थापनमा समुदाय पछि पर्दै गयो । नयाँ शिक्षा योजनाले व्यावसायिक तथा सीपमूलक शिक्षालाई प्राथमिकता दिएपछि पनि त्यो खासै फलदायी रहेन, (श्रेष्ठ, २०६९) ।

नेपालमा शिक्षा प्रणालीका समस्याबारे बेलाबेलामा चर्चा गर्ने गरिन्छ, सुधारका लागि केही प्रयासको सुरुवात पनि गरिन्छ तर समस्याको समाधान अपेक्षाकृत हुन सकेको पाइन्न । यहाँ शिक्षा प्रणालीलाई संकुचित रुपमा व्याख्या गरिदै आइएको छ । वास्तवमा प्रणाली मूल्याङ्कनभित्र Input, Process र Output तीनओटै पक्षको बराबर मूल्याङ्कन गरिनुपर्ने भए तापनि Output लाई मात्र बढी जोड दिने प्रचलन छ । त्यसमा पनि विद्यार्थीको प्राप्ताङ्कलाई प्रणाली मूल्याङ्कनको प्रमुख आधार बनाइन्छ । हाम्रो देशको सन्दर्भमा एसएलसी नतिजा शिक्षाको गुणस्तर मापनको सर्वोपरि मापदण्डको रुपमा स्थापित छ । एसएलसी नतिजा प्रकाशन हुनासाथ समग्र शैक्षिक सरोकारवालाको ध्यान सामुदायिक

विद्यालयमाथि प्रश्न तेर्स्याउनेतर्फ केन्द्रित हुन्छ र कमजोर नतिजा प्राप्तिको निशाना शिक्षकलाई बनाइन्छ । वास्तवमा शिक्षक शैक्षिक पद्धतिको सबै थोक होइन, पद्धतिभित्रको एक प्रमुख अंग मात्र हो ।

शैक्षिक गुणस्तर लेखाजोखा गर्ने क्रममा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको नतिजाबीच तुलना गर्ने प्रचलनमा हामी अभ्यस्त बनिरहेका छौं । हो, शैक्षिक उत्पादनको दृष्टिबाट निजी विद्यालयको नतिजा सामुदायिक विद्यालयको तुलनामा धेरै राम्रो छ तर यसको प्रतिफल कसले, कति प्राप्त गर्न सक्यो त ? उत्पादित जनशक्तिले राज्यको लागि के कति योगदान दिइरहेको छ ? निजी विद्यालयबाट पछिल्लो समय वर्षेनि उत्पादित (धेरैको धारणाअनुसार गुणस्तरीय) जनशक्ति कहाँ खपत भइरहेको छ ? विशिष्ट श्रेणीको संख्या र शतप्रतिशत नतिजालाई मात्र हेरेर गुणस्तरीयताको पगरी गुथ्नु कति न्यायोचित होला ? गहन रुपमा विश्लेषण गर्नु आवश्यक छ । यस्तो लाग्छ कि हामी सिकाइलाई कतै संकुचित दृष्टिबाट व्याख्या त गरिरहेका छैनौं ? के परीक्षा नै मूल्याङ्कनको निर्विकल्प कडी हो ? Paper-pencil test मा विशिष्टता हासिल गर्नु मात्र सिकाइ हो त ? हाम्रो दृष्टिकोणलाई फराकिलो दायरामा लैजाने हो भने सिकाइले व्यवहारको स्थायी परिवर्तनलाई इङ्गित गर्दछ ।

अब्बल जनशक्तिमा दरिएका हाम्रा शैक्षिक उत्पादनको सैद्धान्तिक पाटो त हामीले सकेसम्म नियाल्यौं होला तर व्यावहारिक पाटोलाई चाँहि अझै किन ओझेलमा परिरहेका छौं ? एउटा सामान्य व्यक्ति जो कठिन परिस्थितिमा समायोजन हुन सक्छ, सामाजिकीकरणको ज्ञान, सीपलाई व्यवहारमा सहजै उतार्छ, सकारात्मक र सिर्जनात्मक चिन्तन गर्छ र परिस्थिति अनुकूल व्यवहार गर्छ । अर्को विशिष्टताको उपाधिले विभूति व्यक्ति ऊ त्यही उपाधिको खोलले वष्टित भई घमण्डले उन्मत्त हुँदै शिक्षित मूर्ख बन्न खोज्छ भने कुनलाई गुणस्तरीय उपज मान्ने ? यसको अर्थ विशिष्टता हासिल सबै जनशक्ति व्यावहारिक रुपमा सामान्य व्यक्ति भन्दा पछाडि हुन्छन् भन्नेतर्फ मोड्यौं भने फेरि हामी सकारात्मक सोचाइबाट विमुख भएको ठहर्छ । आशय यति मात्र हो, गुणस्तरीयता मापनको आधार परीक्षा र त्यसको प्राप्ताङ्क मात्र कदापि हुन सक्दैन । शिक्षा, जसले असल संस्कार दिन सकोस्, संस्कार अनुकूल आचरण गर्न प्रेरित भावना विकसित गराओस्, सामाजिकीकरण र सहअस्तित्वको धारणा निर्माण गराओस्, राष्ट्रिय भावनाले ओतप्रोत भई सो अनुरुप व्यवहार

प्रस्तुत गर्न सक्षम बनाओस्, दैनिक जीवनमा आइपर्ने समस्या समाधानमाध्यम बनोस्, तब पो गुणस्तरीय शिक्षा । प्रयोजनहीन, तहगत विशिष्ट उपाधिका चाङको मात्र कुनै तुक रहन्न ।

हामीले तीनघण्टे परीक्षाको माध्यमबाट पास-फेलको बिल्ला भिराई अनुत्तीर्ण जनशक्तिको वर्षौवर्षको लगानी माटोमा मिलाउने काम मात्र गरेका छैनौं । उसमा अन्तरनिहित सम्भावित प्रतिभा प्रष्फुटनको अवसरमा अंकुश लगाई जीवनयापनको विकल्पको खोजीमा बिरानो मुलुकमा जान समेत बाध्य बनाइरहेका छौं । यति मात्र हैन दक्ष जनशक्तिको रुपमा परिभाषित व्यक्ति पनि सबै स्वदेशमा रहन सकेको अवस्था छैन । पछिल्लो समय प्रतिभा पलायनको अवस्था पनि राष्ट्रको लागि अभिशाप बन्दै गइरहेको छ । अनुदानको आशममा दाताको इशारामा हाम्रो शैक्षिक पद्धति अगाडि बढेको त छैन ॥ शंकाका धब्बाहरु मडारिरहेका छन् नेपाली शैक्षिक आकाशमा । उत्तीर्ण प्रतिशतलाई मात्र हेरेर शैक्षिक पद्धतिको विश्लेषण हुन सक्दैन । अनुत्तीर्ण किन भए ? लगानी पुगेन ? प्रक्रिया त्रुटिपूर्ण भयो ? नीति निर्माण उचित भएन ? कार्यान्वयनको पक्ष फितलो भयो कि ? खै सोच्यौं ? सफलताको जस लिन विद्यार्थीलाई विषयवस्तु कोच्यौं, परीक्षा केन्द्रित क्रियाकलापमा अभ्यस्त बन्दै गयौं, आरोप-प्रत्यारोपको प्रवृत्तिलाई मलजल गर्दै पानीमाथिको ओभानो बन्ने प्रयत्न यथासम्भव गऱ्यौं, विद्यार्थीको मस्तिष्कमा यति भऱ्यौं-पास, फस्ट, डिभिजन, डिस्टिङ्सन । मनोवैज्ञानिक नियन्त्रण गर्ने दुस्साहस गऱ्यौं बाल मस्तिष्कको । परीक्षाको हाउगुजी फैलाएर विषयवस्तुको रटानमा समय खर्च्यौं । शैक्षिकस्तर सुधारका लागि न त समय दिने हिम्मत जुटायौं न त समयसापेक्ष पद्दति परिवर्तन नै गर्न सक्यौं । शैक्षिक प्रणाली परिवर्तन गर्नुपर्छ भन्न पनि छाडेनौं, परिवर्तन गर्न सकेनौं ।

गुणस्तरीय शिक्षा मन्त्र जपेझैं बारबार जपिरह्यौं तर कस्तो शिक्षा गुणस्तरीय हो भन्ने सवालमा भ्रम फैलाउनु सिवाय थप केही गर्न सकेनौं । प्राज्ञिक धरातलमा उभिएर भन्नुपर्दा नेपालको विद्यालयीय शिक्षा बदलिंदो वर्तमान विश्व परिवेश अनुकूल व्यवस्थित गर्न सकिएको छैन । अपवादलाई छोडेर भन्नुपर्दा समग्र नेपालको शिक्षा गुणस्तरीयताको प्रत्याभूत गराउन सक्षम देखिंदैन । विवरणात्मक विषयवस्तुको बाहुल्य रहेको, श्रमबाट पलायन हुने प्रवृत्तिको विकास गर्ने, अनुत्पादक जनशक्ति निर्माण गर्ने विषयवस्तुले भरिएको पाठ्यक्रमबाट गुणस्तरीयताको अपेक्षा गर्न सकिन्न । शिक्षाको राष्ट्रिय उद्देश्य समयसापेक्ष निर्धारण गरिएको

भएता पनि उद्देश्य अनुरुप समग्र शैक्षिक पद्धति अगाडि बढाउन नसक्दा गुणस्तरको अपव्याख्या भइरहेको छ । शैक्षिक पद्दतिका कमजोरी पहिचान गरी सरोकारवाला सबैले तिनीहरुलाई सुधारी अघि बढ्ने प्रण गर्न, विश्वमा प्रतिस्पर्धा गर्न सक्ने शिक्षाको विकासमा लागी पर्ने इच्छाशक्ति जागृत गर्न, शैक्षिक उत्पादनको प्रतिफल हेरेर मात्र गुणस्तरीयताको व्याख्या गर्न सुझाव दिएको पाइयो । अतः उत्पादित शैक्षिक जनशक्तिको व्यवहार, समाज र राष्ट्रलाई तिनीहरुले पुर्‍याएको योगदान, उनीहरुको आचरण, प्रवृत्ति लगायत समग्र मानवीय गुणहरुको प्रयोगको स्थितिलाई अध्ययन विश्लेषण गरी स्तरीय जनशक्तिको उपाधि दिनु न्यायोचित होला न कि परीक्षाको उच्च प्राप्ताङ्क मात्र । भनी गुणस्तरीय शिक्षालाई व्यवस्थित गर्न सकिने तर्क प्रस्तुत गरेको पाइयो, (अधिकारी, २०६९) ।

उपर्युक्त लेख, प्रतिवेदन, कार्यपत्र, शोधपत्र, पत्रपत्रिका तथा चिन्तनहरुको अध्ययनबाट विद्यालयको गुणस्तरीय शिक्षाका लागि एकपक्षीय तवरले मात्र सम्भव छैन । यसका लागि सम्बन्धित पक्षहरु जस्तै विद्यालय को भौतिक पक्षको व्यवस्थापन, शिक्षक व्यवस्थापन, विद्यार्थी व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालयका प्रधानाध्यापकहरुको महत्वपूर्ण भूमिका हुनु जरुरी देखिन्छ । भनिन्छ एकहातले ताली समेत बज्न सक्दैन, एक व्यक्तिको विकास समाजको विकास होइन तसर्थ विद्यालयको गुणस्तरीयताका लागि विद्यालय व्यवस्थापन राम्रो व्यवस्थापन हुनुपर्दछ ।

## २.२ सैद्धान्तिक खाका

विभिन्न दार्शनिक, शिक्षाविद् तथा सिद्धान्तकारहरुले व्यवस्थापनको बारेमा सिद्धान्तहरु प्रतिपादन गरेका छन् । ती सिद्धान्तहरुमध्ये विद्यालयको गुणस्तरीय शिक्षा विकासको लागि विद्यालय व्यवस्थापनसम्बन्धी विश्लेषण गर्न George Elton Mayo ९1८० (१९४९ ले प्रतिपादन गरेको मानव सम्बन्ध सिद्धान्त (Human Relation Theory) सान्दर्भिक हुने भएकोले सन् १९५० ताका प्रचलित यस सिद्धान्तले मानव सम्बन्धको विकासमा जोड दिएको छ ।

यस अगाडिको सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्त सुरुवात भएको हो । शास्त्रीय व्यवस्थापन काम गर्ने ठाउँमा मेलमिलाप र उत्पालन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा

नयाँ विचारहरु विकसित भएका छन् । कुनैपनि संगठनमा काम गर्नेहरुको बीच राम्रो मानव सम्बन्ध भएमा कार्य सम्पादन राम्रो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्‍ राम्रो नभएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैमा थाहा हुन थाल्यो । यस सिद्धान्तलाई 'Interpersonal Behaviour' पनि भनिन्छ, (कोइराला, २०५९) ।

मानव सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापन र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्ति पनि व्यवस्थापनको एक अंग हो । समुह संचालन नेतृत्व, उत्प्रेरण, सहभागिता, सञ्चार, व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सही दिशाबोध गर्दछ, (कोइराला, २०५९) ।

माथिको भनाइबाट मानव संसाधनको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा स्पष्ट भएकोले विद्यालयको गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनलाई सुदृढ गर्न यस सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ ।

## परिच्छेद तीन

### अध्ययन विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

कुनैपनि अनुसन्धान कार्यको लागि छनोट गरिने नमुना सम्भावनाका आधारमा नभई अनुसन्धानकर्ताको उद्देश्य, सोच, आकांक्षा, आवश्यकता, बुद्धि र विवेकको आधारमा निर्भर गर्दछ भने त्यस्तो नमुना छनोटलाई  सम्भावनारहित नमुना छनोट भनिन्छ, (तिमल्सिना, २०६१) । यस अनुसन्धान मूलत गुणात्मक भए तापनि तथ्यांक संकलन गर्दा गुणात्मक तथा परिमाणात्मक दुबै पक्षलाई समेटिएको छ । यस शोध/अनुसन्धान विद्यालयको गुणस्तरीय शिक्षाका लागि के-के उपायहरु अपनाउनु पर्दछ, साथै विद्यालयको सर्वाङ्गीण विकास गर्न विद्यालयका कुन-कुन पक्षलाई के-कसरी परिचालन गरिएको छ र के के गर्न सके विद्यालयले गुणस्तरीय शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ भन्ने उपायहरु खोजी समस्या समाधान गर्न यो शोधलाई विशेष आधारको रुपमा लिइएको छ । अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्कहरुको व्याख्या मुख्यतः गुणात्मक रुपमा गरिएको । यो अध्ययन सिन्धुली जिल्लामा रहेका दुई ओटा सामुदायिक विद्यालयहरु श्री गौमती स्रोतकेन्द्रअन्तर्गत कमलामाई नगरपालिका वडा नं. ६ को श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार तथा वडा नं. ७ को श्री उच्च माध्यमिक विद्यालय गडौली तथा सोही स्रोतकेन्द्रअन्तर्गतका दुईओटा संस्थागत विद्यालयहरु श्री भगवती अंग्रेजी आवासीय उच्च माध्यमिक विद्यालय माडीबजार र श्री सिद्धस्थली अंग्रेजी आवासीय उच्च माध्यमिक विद्यालय माडीबजार समेत गरी जम्मा ४ ओटा विद्यालय नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । यिनै विद्यालयमा केन्दित भएर यो अध्ययन गरिएको छ ।

### ३.२ जनसंख्या र नमुना छनोट

यस शोध अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षक, विद्यार्थीसँग प्रत्यक्ष अन्तर्वार्ता र सर्भेबाट तथ्यांक प्राप्त गरिएको छ । सम्भावनायुक्त नमुना छनोट विधिमा आधारित भएर तथ्यांक संकलन र विश्लेषण गरिएको छ । विश्लेषण प्रक्रिया मूलतः व्याख्यात्मक प्रकृतिबाट गरिएको छ । यस अध्ययनको निष्कर्ष गुणात्मक विश्लेषण

प्रक्रियाबाट निरुपण गरिएको छ । यस शोध अध्ययनका नमुनालाई तलको तालिकाम प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | ४ |
| २. | विद्यालय व्यवस्थापन समितिका सदस्य | ४ |
| ३. | शिक्षक अभिभावक संघका अध्यक्ष | ४ |
| ४. | प्रधानाध्यापक | ४ |
| ५. | विद्यालय शिक्षक | ८ |
| ६. | अभिभावक | ८ |

### ३.३ तथ्यांक स्रोतहरु

प्राथमिक तथ्यांकअन्तर्गत शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, अभिभावक संघका अध्यक्ष, अभिभावक तथा प्रधानाध्यापक आदिसँग प्रत्यक्ष अन्तर्वाताद्वारा प्रश्नावली भरी साथै विद्यालयको भौतिक स्रोत र साधनलाई अवलोकन गरेर प्राप्त तथ्यांकलाई अनुसूचीमा समावेश गरी प्रस्तुत गरिएको छ । साथै द्वितीय स्रोतअन्तर्गत विद्यालयको अभिलेख, विद्यालय सुधार योजना तथा विद्यालयसँग सम्बन्धित लेख तथा रचनाहरुलाई समावेश गरिएको छ ।

### ३.४ अध्ययन साधनको छनोट

कुनैपनि अध्ययन अनुसन्धान निष्कर्षमा पुऱ्याउन निश्चित साधनहरुको आवश्यकता पर्दछ । विद्यालयको गुणस्तरीय शिक्षाका लागि के कस्ता उपाय अबलम्बन गरिनुपर्दछ र कसरी विद्यालयको राम्रो व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरालाई पत्ता लगाउन दुई प्रकारका साधनहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका लागि प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र अवलोकन साधनको प्रयोग गरिएको छ । द्वितीय स्रोतका लागि विभिन्न प्रतिवेदन, लेख, पत्र पत्रिका, विभिन्न विद्वानका भनाइहरु र सम्बन्धित ऐन कानुनलाई लिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

कुनैपनि विषयको अनुसन्धानको लागि तथ्यांक संकलन गर्ने क्रममा लक्षित उद्देश्यहरु ध्यानमा राखेर तथ्यांक संकलनको प्रक्रिया अपनाइएको छ । यस शोध अध्ययन तयार पार्ने क्रममा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरिएको छ । जसअनुसार प्राथमिक तथ्यांकमा शोधकर्ता आफैंले उपस्थित भएर अनुसूचीमा उल्लेखित अन्तर्वार्ता र प्रश्नावली प्रयोग गरी तथ्यांक संकलन गरिएको छ । त्यसैगरी द्वितीय स्रोत अन्तर्गत सूचनाका लागि सम्बन्धित संघसंस्थाका अभिलेखहरु अध्ययन गरी विभिन्न पत्रपत्रिका, लेख, ऐन, कानुन, नियमावलीका साथै सम्बन्धित प्रतिवेदनहरु अध्ययन तथा विश्लेषण गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

कुनैपनि अनुसन्धानात्मक अध्ययनका लागि प्राथमिक स्रोत र द्वितीय स्रोतबाट संकलित तथ्यांकलाई जस्ताको तस्तै प्रयोग गर्नु सार्थक हुँदैन किनकि पहिले संकलन गरिएका तथ्यांकहरु अनावश्यक र अव्यवहारिक खालका पनि हुन सक्दछन् तसर्थ तथ्यांक ताजा तथा नयाँ खालको हुनुपर्दछ । संकलित तथ्यांकलाई गुणात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ । तथ्यांक विश्लेषण गर्दा कोरा तथ्यांकको गुणात्मक तबरले व्याख्या र विश्लेषण गरी अनावश्यक र असान्दर्भिक तथ्यांकहरु हटाइएको छ । अतः तथ्यांकलाई विश्लेषण गरी शोधलाई निष्कर्षमा पुऱ्याउने र गुणात्मक पक्षबाट विश्लेषण गरी अध्ययनले राखेको उद्देश्य पुरा गर्ने लक्ष्य राखिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको प्रस्तुतिकरण

### ४.१ तथ्यांकको व्याख्या तथा विश्लेषण

सिन्धुली जिल्ला सदरमुकामस्थित श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्रअन्तर्गतका सामुदायिक विद्यालयहरु श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार, श्री उच्च माध्यमिक विद्यालय गडौली तथा संस्थागत तर्फ भगवती अङ्ग्रेजी उच्च माध्यमिक विद्यालय र सिद्धस्थली अङ्ग्रेजी उच्च माध्यमिक विद्यालयको शैक्षिक व्यवस्थापनबारे अध्ययन गरिएको छ । अध्ययनमा नमुना छनोटमा परेका विद्यालयमा विद्यालयका सम्बन्धित व्यक्तिहरुसँग अन्तर्वार्ता, प्राप्त सूचना र स्थलगत भ्रमणबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । अतः तथ्याङ्कहरुको उचित व्याख्या र विश्लेषणको आधारमा नै कुनै विषय वा समस्याको बारेमा निर्णयमा पुग्न सजिलो हुन्छ । तिनै तथ्याङ्कको आधारमा गुणस्तरीय शिक्षाका लागि विद्यालयले के कस्तो व्यवस्था र अवस्थाको व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२ गुणस्तरीय शिक्षाका लागि विद्यालयको प्रभावकारी व्यवस्थापन

यस अध्ययनको लागि नमुना छनौटमा परेका विद्यालयहरुको स्थलगत भ्रमण, सम्वन्धीत व्यक्तिहरु तथा पदाधिकारीसँगको अन्तर्वार्ता र सूचनाहरुबाट प्राप्त भएका तथ्याङ्गहरुको आधारमा सार्वजनिक, संस्थागत विद्यालयको गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुले गरेको विद्यालय व्यवस्थापन निम्न भागमा वर्गीकरण गरेर व्याख्या एवं विश्लेषण गरिएको छ ।

#### ४.२.१. विद्यालय भौतिक व्यवस्थापन

गुणस्तरीय शिक्षा विकासमा विद्यालयको भौतिक व्यवस्थापनको ठूलो महत्व रहन्छ । विद्यालयको शैक्षिक विकासका लागि पहिलो पूर्वाधार भनेको नै भौतिक सुविधा हो । भौतिक व्यवस्थापनभित्र विद्यालयको भवन, कक्षाकोठा, पुस्ताकालय, खेलमैदान, फूलवारी, खानेपानी, शौचालय, फर्निचर (डेस्क बेन्च), शिक्षण सामग्री, पाठ्यपुस्तक आदि पर्दछन् । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधनसहित) अनुसार

कक्षाकोठामा प्रति विद्यार्थी कम्तीमा १ वर्ग मिटर भएको पक्की भवन, प्रति २०० विद्यार्थी छात्रछात्राको लागि छुट्टै र शिक्षकहरुका लागि छुट्टाछुट्टै शौचालय, पाठ्यपुस्तक र सन्दर्भ पुस्तक सहित ५०० भन्दा बढि पुस्तक सहित पढ्ने छुट्टै कोठा, कोठाको उचाई कम्तीमा ९ फिट र भूइँ कोठाको सतह जमिन सतह भन्दा अग्लो विद्यालयको नाममा २० रोपनी वा सो भन्दा बढी जग्गा विद्यार्थी बसेर प्रयोग गर्न सक्ने प्रयोगशाला, विद्यार्थीलाई फिल्टर गरिएको पर्याप्त खानेपानी, पक्की कम्पाउण्ड सहितको बन्द गर्ने ढोका (गेट), कक्षाकोठामा झ्याल, ढोका, आवश्यकतानुसार कोठामा हावा खेल्न सक्ने भेन्टीलेसन, सबै विद्यार्थीलाई लेख्न र पढ्न उपयुक्त प्रकाश भएको र कालोपाटीमा लेखेको कुरा प्रष्ट देख्न सक्ने जस्ता व्यवहारहरु भएको विद्यालयलाई भौतिक वस्तुको उपलव्धता र अवस्था राम्रो भएको विद्यालय भन्न सकिन्छ, (शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९, संशोधनसहित) ।

छनोटमा परेका विद्यालयहरुको अवलोकन गरी अनुसूची १ को फारम समेत भरी त्यसलाई अध्ययन गर्दा सरकारी विद्यालय र फारम समेत भरी त्यसलाई अध्ययन गर्दा सामुदायिक विद्यालय श्री गौमती नमुना उच्च माध्यमिक विद्यालयको भौतिक व्यवस्था पक्की भवन, बलियो पर्खाल, शौचालय, आफ्नै स्वामित्वमा जग्गा भएको जुन शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ अनुसार भएको पाइयो । खानेपानीको पर्याप्त, चमेना गृह, खेलकुद चौर भएको, पुस्तकालयको राम्रो व्यवस्थापन, कक्षा कोठामा विद्यार्थीको चाप भएको पाइयो । त्यसैगरी छात्रावासको व्यवस्था नभएको पाइयो । चमेनागृहको व्यवस्थापन भएपनि शिक्षक आवास नभएको पाइयो । त्यस्तैगरी श्री उच्च माध्यमिक विद्यालय गडौलीको अध्ययनबाट पक्की भवन शिक्षा ऐन र शिक्षा नियमावली अनुसार नै भएको पाइयो । शुद्ध खानेपानीको वितरण, शौचालय, आफ्नै स्वामित्वमा जग्गा जमिन भएको पाइयो । विद्यार्थीको लागि खेल्ने चौरको व्यवस्थापन नभएको कारणले व्यवस्थित अतिरिक्त क्रियाकलाप न्यून रहेको पाइयो । विद्यालयको भौतिक व्यवस्थापनलाई हेर्दा विद्यार्थीको कक्षाकोठामा चाप न्यून भएको पाइयो ।

संस्थागत विद्यालय श्री भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालयको स्थलगत अवलोकनबाट भौतिक व्यवस्था नियमावली २०५९ मा व्यवस्था भए वमोजिम रहेको पाइयो तर खेल्ने चौर

शिक्षक आवास साइकल स्ट्याण्ड व्यवस्थित नभएको पाइयो । अर्को संस्थागत विद्यालय सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालयको स्थलगत भ्रमणबाट उक्त विद्यालयको पक्की भवन, आफ्नै जग्गा, चमेना गृह तथा खेल्ने चौर आदि सबै राम्रो पाइयो तर साइकल स्ट्याण्ड, राम्रो पुस्तकालय, शौचालयको अपुग व्यवस्था भएको पाइयो । यसरी सरकारी विद्यालय र संस्थागत विद्यालयको भौतिक व्यवस्थपनलाई हेर्दा तुलनात्मक रुपमा नीजि विद्यालयको राम्रो भएको पाइयो । यस्तो हुनुमा सम्वन्धीत पक्षसँग शोधपुछ गर्दा सरकारी रणनीति सचेत अभिभावकहरु आफ्ना वच्चाहरुलाई नीजि विद्यालयमा आकर्षित गर्ने जस्ता कुराहरुलाई दोष दिए । यस्तो हुनुमा अभिभावकहरु राय यस्तो रहेको छ स्कुलको अवस्था देख्दा तपाइलाई सहयोग गरु जस्तो लाग्दैन भन्दा उनीहरु भन्छन् विहान खाए वेलुका के खाउँ छ एक छाक टार्न मुस्किल परेको आर्थिक अवस्था बताए । नीजि विद्यालयका अभिभावकहरु भने सरकारी विद्यालयमा राम्रो पढाइ हुँदैन, अंग्रेजी माध्यमको पढाई हुँदैन, कक्षाकोठामा अधिक विद्यार्थी राखेर पढाइ हुनु पैसा होइन पढाईको मुख हेरेर संस्थागत विद्यालयमा छोरा छोरी पढाइयो भनेर भन्छन् ।

सबै अध्ययनमा संलग्न सार्वजनिक  र संस्थागत विद्यालयमा पक्की भवन भएको पाइयो, सरकारी विद्यालयमा कक्षामा विद्यार्थीको चाप अधिक रहेको पाइयो । त्यस्तै शौचालय सबै विद्यालयमा भएको पाइयो तर श्री माध्यमिक विद्यालय गडौलीको शौचालयमा सरसफाइको कमि भएको पाइयो । सरकारी विद्यालयमा पंखाको व्यवस्था नभएको पाइयो । यसरी दुवै विद्यालयलाई तुलना गर्दा भनिन्छ सरकारी काम कहिले जाला घाम भने झै सम्वन्धित पक्षको कमजोरी भएको पाइयो ।

तालिका नं. १

भवन संख्या र अवस्था

| क.सं. | विद्यालयको नाम | जम्मा भवन संख्या | जम्मा कोठा संख्या |
|---|---|---|---|
| १ | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार | १० | ४० |
| २ | श्री उच्च माध्यमिक विद्यालय गडौली | ४ | २८ |
| ३ | श्री भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालय | ६ | ३२ |
| ४ | श्री सिद्धस्थली अं.उच्च माध्यमिक विद्यालय माडीबजार | ५ | ३४ |

स्रोत: स्थलगत अध्ययन, २०६९

उपर्युक्त तालिकाअनुसार सार्वजनिक विद्यालयको भवनभन्दा संस्थागत विद्यालयको भवन व्यवस्थापन राम्रो भएको पाइयो । जसको कारणले पढाइमा राम्रो प्रभाव परेको पाइयो ।

**४.२.२ विद्यालयहरुमा शैक्षिक व्यवस्थापन प्रक्रिया**

विद्यालय गुणस्तरीय शिक्षाका लागि शैक्षिक व्यवस्थापन राम्रो हुनुपर्छ । शैक्षिक व्यवस्थापनको लागि विद्यालयसँग सम्वन्धित सर्व पक्षको सहभागिता हुनु आवश्यक पर्दछ अन्यथा विद्यालयमा स्तरीय पढाइ सम्भव छैन । विद्यालयको शैक्षिक वातावरण शुद्ध र स्वस्थ वनाउन प्र.अ. विद्यालय व्यवस्थापन समितिका अध्यक्षको प्रमुख दायित्व रहन्छ । विद्यालयको दैनिक कार्यक्रम सूचारु गर्ने, कक्षामा राम्रो पढाइ भए नभएको निरीक्षण गर्ने, विद्यार्थी भर्नाको नीति वनाउने र विद्यालयमा शान्त र अनुशासन वातावरणको सृजना गर्ने, आफ्ना शिक्षक कर्मचारीलाई शिक्षा ऐन नियमावलीको परिधिमा राखेर काम लगाउन सक्नु पर्दछ अन्यथा शिक्षाको गुणस्तर माथि उठ्न सक्दैन । अत गुणस्तरीय शिक्षा प्रदान गर्न सकिएमा मात्र देशका लागि असल र सक्षम नागरिक उत्पादन गर्न सकिन्छ । हाम्रो जस्तो अविकसित राष्ट्रको लागि त शिक्षा सैद्धान्तिक होईन कि व्यवहारिक र सीपमूलक चाहिएको छ त्यसको लागि राज्यले सैद्धान्तिक होईन व्यवहारिक शिक्षा दिनको लागि पाठ्यक्रम परिवर्तन गरि लागू गर्नुपर्दछ । जस्तै परम्परागत रुपमा चलिआएको पेशा सूचिकार,जुत्ता वनाउने पेशा, सिकर्मी पेशा, गन्धर्व पेशा आदिलाई व्यवसायीक विषयमा परिवर्तन गरी पाठ्यक्रमको विकास गरी लागू गर्नुपर्दछ । जसले गर्दा हाल भैरहेको वेरोजगारी समस्यालाई हल गर्न पनि यसले मद्धत गर्दछ । अतः शैक्षिक व्यवस्थापन भित्र कक्षा संचालन शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग मूल्याङ्कन पद्धति र अतिरिक्त क्रियाकलाप आदि पर्दछन् ।

यस अध्ययनको क्रममा सरकारी र संस्थागत दुवै विद्यालयमा प्र.अ. ले दैनिक कार्यतालिका निर्माण गरेको पाइयो। सरकारी विद्यालयमा एक शिक्षक नै दैनिक ५ देखि ६ घण्टीसम्म पढाउनुपर्ने वाध्यता पाइयो । कक्षाकोठामा ६० भन्दा वढि विद्यार्थी राखेर अध्यापन गरेको पाइयो तर संस्थागत विद्यालयमा पनि ४ देखि ५ पिरिएडसम्म पढाइएको पाइयो तर विद्यार्थी संख्या ३० देखि ४० सम्म मात्र पाइयो । अतिरिक्त क्रियाकलापलाई भने सरकारी तथा संस्थागत विद्यालयले कहिलेकाही मात्र गर्ने गरेको पाइयो । शिक्षकहरुले विना पाठ योजना अध्यापन गरेको पाइयो । प्राय विद्यालयमा १८० देखि १९५ दिनसम्म वार्षिक खुलेको पाइयो ।

परीक्षा प्रणाली सरकारी विद्यालयले श्रोतकेन्द्र स्तरीय गरेको पाइयोभने संस्थागत विद्यालयले सामूहिक नभई विद्यालयले आफ्नै ढाँचामा परीक्षा पत्र निर्माण गरी परीक्षा लिने गरेको पाइयो। सरकारी विद्यालयहरु जि.शि.का.को क्यालेन्डर अनुसार विद्यालय संचालन गरेको पाइयो भने विद्यार्थीले गृहकार्य नियमित परीक्षण गर्ने गरेको शिक्षकहरुले वताए । साथै संस्थागत शिक्षकहरुलाई भने तलवमा शोषण गरेको वताए ।संस्थागत तथा सरकारी विद्यालय दुवै विद्यालयमा शैक्षिक भ्रमण वर्षको एक पटक जाने गरेको पाइयो। विद्यालयको वार्षिकोत्सव तथा समारोहमा मात्र अतिरिक्त क्रियाकलाप जस्तै नाँचगान हाजिरीजवाफ आदि भएको पाइयो । तुलनात्मक रुपमा भन्नुपर्दा संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन राम्रो भएको हुँदा शैक्षिक उपलव्धी पनि राम्रै भएको पाइयो ।

**४.२.३ विद्यालयको शैक्षिक उपलव्धि**

यस अध्ययन छनोट गरिएका विद्यालयमा विद्यार्थीले हासिल गरेको शैक्षिक उपलव्धी निम्नानुसार भएको पाइयो । विगत २०६६, २०६७, २०६८ सालमा सामुदायिक विद्यालय श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजारको एस.एल.सी परीक्षाको नतिजा विश्लेषण गर्दा औषत ६६ प्रतिशत देखिन्छ । वार्षिक परीक्षाको उपलव्धी १ देखि ९ सम्म ९० प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरी श्री उच्च माध्यमिक विद्यालय गडौली को एस.एल.सी.परीक्षाको नतिजा विगत ३ वर्षदेखिको हेर्दा ६७ प्रतिशत रहेको देखिन्छ भने वार्षिक परीक्षाको उपलव्धी ७४ प्रतिशत रहेको देखिन्छ । संस्थागत विद्यालय श्री भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजारको वार्षिक परीक्षाको उपलव्धी ९८ प्रतिशत र एस.एल.सी. परीक्षाको नतिजा शतप्रतिशत भएको पाइयो । त्यस्तै गरी सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालयको वार्षिक परीक्षाको उपलव्धि ९७ प्रतिशत र एस.एल.सी को नतिजा शतप्रतिशत रहेको पाइयो ।

उपर्युक्त विश्लेषणबाट हेर्दा सरकारी विद्यालयभन्दा संस्थागत विद्यालयको आन्तरिक उपलव्धि र एस.एल.सी परीक्षाको शैक्षिक उपलव्धि राम्रो भएको पाइयो । संस्थागत विद्यालयको शैक्षिक उपलव्धि हेर्दा विद्यालय, विद्यार्थी र अभिभावक सबै पक्ष पढाइप्रति जागरुक भएको देखिन्छ । भनिन्छ, घरमा अभिभावक शिक्षित छन् भने त्यसको प्रभाव उनीहरुको बालबच्चामा पर्दछ । आफ्नो बालबच्चाको पढाइको लागि उनीहरुको चासो

विद्यालयमा थोरै संख्यामा राखेर अध्यापन र शिक्षकको लगनशीलता तथा विद्यालय व्यवस्थापन प्रभावकारी रहेकोले गर्दा नै संस्थागत विद्यालयको शैक्षिक उपलव्धी राम्रो भएको मान्न सकिन्छ ।

### ४.२.४ विद्यालयमा शिक्षक र कर्मचारीको व्यवस्थापन

गुणस्तरीय शिक्षा विकासमा शिक्षक र कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ । भौतिक व्यवस्थापन जतिसुकै राम्रो भएपनि यदि मानव स्रोतको राम्रो व्यवस्थापन गर्न सकिएन भने विद्यालयले राखेको लक्ष्य हासिल गर्न सकिदैन । शिक्षक तथा कर्मचारीलाई उत्प्रेरित गर्ने,विद्यालयको हरेक पक्षमा सहभागिता गराउने उनीहरुको व्यक्तिगत तथा संस्थागत विकासको लागि उचित वातावरण तयार गरिदिनु पर्दछ । जसबाट उनीहरु विद्यालयप्रति समर्पित भई आफ्नो काम कर्तव्यप्रति वफादार भई दिलोज्यान दिएर लागि पर्दछन् । तसर्थ कर्मचारी विद्यालयको एउटा दह्रो खम्वा हो । जसको आधारमा विद्यालय अडेको हुन्छ । तसर्थ शिक्षक कर्मचारी भर्ना गर्दा योग्य इमान्दार कर्तव्यनिष्ठ वफादार व्यक्ति छनौट गर्नुपर्दछ । त्यसैले छनौटमा परेका विद्यालयहरुको शिक्षक तथा कर्मचारीको व्यवस्थापन सम्वन्धि अध्ययन गर्दा निम्नानुसार पाइयो ।

शिक्षा नियमावली २०५८ ले १ शिक्षक बराबर ५० विद्यार्थी हुनुपर्ने कुरा उल्लेख गरेको छ । अतः संस्थागत विद्यालयमा मा शिक्षा ऐन २०५८ ले तोके भन्दा पनि कम विद्यार्थी संख्या पाइयो । तर श्री गौमती उच्च मा.वि. माडीबजार, भगवती अङ्ग्रेजी उच्च माध्यमिक विद्यालय, सिद्धस्थली अङ्ग्रेजी उच्च माध्यमिक विद्यालयमा भने एउटा कक्षामा कम्तिमा पनि ६० देखि ८० जनासम्म राखेर शिक्षकले अध्यापन गर्नुपर्ने वाध्यता रहेको पाइयो । सरकारी विद्यालयका शिक्षकसँगको शोधपुछमा उहाँले यसो भन्नुभयो शिक्षकको सरकारी दरवन्दी अनुसार तलव ग्रेड प्रदान गरेको तर माथिल्लो कक्षा पढाए वापत थप भत्ताको व्यवस्था नगरेको गुनासो गर्नुभयो ।

तालिका नं. २

विद्यालयको शिक्षक विद्यार्थी अनुपात

| विद्यालयको | अनुपात |
|---|---|
| श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार | १:३३ |
| श्री उच्च माध्यमिक विद्यालय गडौली | १:२० |
| श्री भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | १:३६ |
| श्री सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | १:३६ |

स्रोतः स्थलगत अध्ययन २०६९

उपर्युक्त तालिकाअनुसार संस्थागत विद्यालयको प्रति शिक्षक विद्यार्थी संख्या ऐन नियमावली अनुसार भएको र सार्वजनिक विद्यालयको प्रति शिक्षक विद्यार्थी संख्या वढी भएको पाइयो । विद्यालयलाई शिक्षक कर्मचारी सरकारी विद्यालयमा स्थायी शिक्षक शिक्षा सेवा आयोगले छनौट गरी पठाउने र नीजि श्रोतमा राखिएका शिक्षक विद्यालयमा प्रशासन र विद्यालय व्यवस्थापन समितिले लिखित कक्षा पढाउन लगाएर उत्कृष्ट शिक्षक राख्ने गरेको कुरा प्र.अ.ले वताउनु भयो । संस्थागत विद्यालयमा भने शेयर लगानी गर्ने व्यक्ति नै प्राय शिक्षक भएको पाइयोर केही प्रतिस्पर्धावाट पनि भर्ना गरेको पाइयो। अतः शिक्षक कर्मचारी व्यवस्थापन सरकारी विद्यालयभन्दा संस्थागत विद्यालयमा राम्रो भएको पाइयो ।

### ४.२.५ विद्यालय समुदाय सम्बन्ध

विद्यालय एक सामाजिक संस्था भएकोले हरेक विद्यालय त्यहाँको स्थापित समुदायसँग आवद्ध रहन्छ । त्यसैले विद्याललाई समुदायको अभिन्न अंगको रुपमा लिन सकिन्छ । कुनैपनि विद्यालय त्यहाँका स्थानिय जनसमुदायहरु चन्दादात एवं शिक्षाप्रमीहरुलाई सहभागिता गराएर संचालन गर्नुपर्ने हुनाले विद्यालयले सामुदायिक वातावरणसँग आवद्ध भएर त्याहाँको समाज सुहाँउदो एवं राष्ट्रिय परिस्थितसँग मेल खाने तरिकाले शैक्षिक क्षेत्रलाई अगाडि बढाउदै लैजान सकेमा विद्यालय व्यवस्थापन पनि सफल देखिने र समाज सुहाँउदो कार्यक्रम लागु गरेमा समुदायबाट पनि आवश्यक सहयोग पाइन्छ, (पण्डित दिननाथ २०५४) ।

गुणस्तरीय शिक्षाले नै समाजलाई असल बाटोमा हिडाउन सक्दछ । शिक्षा जीवन हो, जीवन नै शिक्षा हो असल शिक्षाले नै समाजलाई आमुल परिवर्तन गराउँछ र समाजमा शान्ति

कायम गरी रोजगारीको सृजना गर्दछ । अतः सामुदायिक र संस्थागत विद्यालयको समुदायसँगको सम्वन्धका वारेमा स्थलगत अध्ययनवाट विश्लेषण गर्दा सामुदायिक विद्यालयमा केटा केटी पढाउन शुल्क तिर्न नपर्ने केवल वर्ष भरिमा रु ५० देखि १०० तिर्न पर्ने हुँदा अभिभावकहरुको त्यक्ति विद्यालय प्रति चासो नभएको साथै संचालक समिति अभिभावक शिक्षक संघ जस्ता समितिमा पनि राजनीतिक प्रभाव पर्ने गरेको हुँदा र कतिपय निर्णयहरुमा राजनैतिक हस्तक्षेप हुने गरको कुरा अभिभावकहरुको गुनासो पाइयो । साथै प्रशासनले अभिभावकहरु आफ्ना छोराछोरीको पढाइको वारेमा वुभ्mन जादाँ त्यति वास्ता नदेखिएको गुनासो पाइयो । श्री गौमती नमुना उ.मा.वि का शिक्षक विन्दु खड्कालाई विद्यालय र समुदायको कस्तो सम्बन्ध छ त भनेर प्रश्न राख्दा उहाँको भनाई यस्तो थियो– "विद्यालय र समुदायबीच नङ र मासुको सम्वन्ध रहेको हुन्छ । यस विद्यालयले अभिभावक भेला गराई कसरी विद्यालयलाई अगाडि बढाउन सकिन्छ भन्ने सम्बन्धमा वृहत छलफल गरी विद्यालयका छात्रछात्राहरु कक्षा १–३ मा अङ्ग्रेजी माध्यमबाट पढाइजस्ता कुराहरु हाल लागू भएको र उक्त अभियानलाई क्रमशः माथिल्ला कक्षामा समेत लागू गरिने कुरा बताइन् ।

संस्थागत विद्यालयको समुदायसँगको सम्बन्धसम्बन्धी प्रश्न राख्दा भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालयका प्रिन्सिपल श्री कृष्णकुमार उप्रेती भन्नुहुन्छ -"यदि विद्यालयले समुदायसँग सम्बन्ध राम्रो राख्न सकेन भने हाम्रो मुहान नै सुक्दछ र विद्यालय अगाडि बढ्न सक्दैन ।" त्यसैले समुदाय र अभिभावकको चाहनाअनुसार विद्यालय अघि बढ्नु पर्दछ । विद्यार्थीलाई कसरी पढाउँदा गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने कुरामा हामी लागिपरिरहेका छौं । समुदायसँगको दूरी घटाउन समय समयमा अभिभावक भेला, चियापान कार्यक्रम, घरदैलो कार्यक्रम गरी राय, सल्लाह लिने गरिएको पाइयो । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसमेत गठन गरिएको पाइयो ।

उपर्युक्त विश्लेषणबाट के देखिन्छ भने संस्थागत विद्यालयको संचालन भनेको नै अभिभावकले तिर्ने शुल्क हो अन्यथा अभिभावकहरुसँगको सम्बन्ध बिग्रिएमा विद्यालय नै नचल्ने हुँदा संस्थागत विद्यालयले समुदायसँग सुमधुर सम्बन्ध राखेको पाइयो । सरकारी विद्यालयको स्रोत सरकार भएको हुँदा विद्यालय र समुदायसँगको सम्बन्ध जति हुनुपर्ने हो त्यति नभएको पाइयो ।

### ४.२.६ विद्यार्थी व्यवस्थापनको अवस्था

नेपालको शिक्षा नियमावली २०५८ को सातौं संशोधन अनुसार माध्यमिक तहमा विद्यार्थी भर्ना हुँदा विद्यालय व्यवस्थापनकले निम्न शर्त र अधिनमा रहेर विद्यार्थी भर्ना गराउनु पर्दछ ।

(क) निम्नमाध्यमिक तहको कक्षा ६ को लागि प्राथमिक शिक्षा उत्तीर्ण भएको सक्कल प्रमाण पत्र ।

(ख) माध्यमिक तहको कक्षा ९ को लागि निम्नमाध्यमिक तह कक्षा ८ उत्तीर्ण भएको सक्कल प्रमाण पत्र तथा अन्य कक्षाको हकमा सरकारबाट स्वीकृति प्राप्त विद्यालयले दिएको वार्षिक परीक्षाको लब्धाङ्क पत्र र स्थानान्तरण पत्र ।

उपर्युक्त नियमावलीको शर्तअनुसार नै सबै संस्थागत र सरकारी विद्यालयमा विद्यार्थी भर्ना शैक्षिक सत्रको सुरुदेखि एक डेढ महिनासम्म गर्ने गरेको पाइयो । संस्थागत विद्यालयले विद्यार्थी भर्ना गर्न घरदैलो कार्यक्रम गरी विद्यार्थी जम्मा गर्ने गरेको पाइयो । तर सरकारी विद्यालयले वार्षिक परीक्षाको नतिजा प्रकाशित गरेको एक हप्तामा एफ.एम. रेडियो र सूचना टाँस गरी भर्ना खुलेको जानकारी गर्ने गरेको पाइयो । श्री उच्च माध्यमिक विद्यालय गडौलीका शिक्षक रुद्रबहादुर खड्काका अनुसार समुदायका धनीमानी, बुद्धिजीवी तथा कर्मचारीहरुका छोराछोरीहरु संस्थागत विद्यालयमा भर्ना गरेको पाइयो भने सरकारी विद्यालयमा आर्थिक अवस्था कमजोर भएका असहाय बच्चाहरु प्रायः भर्ना हुन आउने गरेको तीतो यथार्थ अवस्था रहेको बताउनु हुन्छ ।

यसैक्रममा भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजारका अभिभावक श्री ध्रुवप्रसाद पहाडीका अनुसार संस्थागत विद्यालयमा पढाउनुको कारण निम्न भएको बताउनु हुन्छः

- सरकारी विद्यालयमा नेपाली माध्यममा पढाइ हुनु,
- सरकारी विद्यालयमा विद्यार्थीको चाप अधिक हुनु,
- सरकारी विद्यालयका शिक्षकका बालबच्चा पनि बोर्डिङ मै पढाउनु,
- गुणस्तरीय पढाइ हुने देखेर ।

उपर्युक्त विश्लेषणले के देखाउँछ भने सरकारी विद्यालयको पढाइ खस्कदै गएको र स्वयम् शिक्षकहरुकै बालबच्चाहरु पनि संस्थागत विद्यालयमा पढाउने गरेको हुँदा सरकारी विद्यालयको शैक्षिक व्यवस्थापन शंकाको घेरामा परेको देखिन्छ । यसरी समाजका हुनेखाने, सचेत अभिभावकहरु संस्थागत विद्यालयमा आफ्ना छोराछोरी भर्ना गर्ने गरेको पाइयो ।

तालिका नं. ३

२०६९ सालमा विद्यार्थी भर्ना संख्या

| क्र. सं | विद्यालयको नाम | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १. | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार | ४५५ | ४६५ | ९१५ |
| २. | श्री उच्च माध्यमिक विद्यालय गडौली | १५९ | १५५ | ३१६ |
| ३. | भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | ४०२ | ४५० | ९५२ |
| ४. | सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | ६१६ | ५५० | ११६६ |

स्रोत: विद्यालय अभिलेख, २०६९


माथिको तालिकाअनुसार सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा विद्यार्थीको चाप बढी रहेको पाइयो । उक्त तालिका अनुसार सामुदायिक विद्यालयहरुमा छात्राहरुको सङ्ख्या बढी रहेको छ भने छात्रहरु छात्राहरुको तुलनामा न्यून रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयहरुमा भने छात्राहरुको सङ्ख्याभन्दा छात्रहरुको सङ्ख्या बढी रहेको पाइयो । उल्लेखित तालिकाबाट समाजमा अझै पनि छोराछोरीमा शिक्षामा विभेद कायम रहेको देखिन्छ ।

### ४.२.७ विद्यालय व्यवस्थापनको संगठन

सामुदायिक विद्यालयको व्यवस्थापन जिल्ला शिक्षा कार्यालयको निर्देशन, नियन्त्रण र अनुगमन गर्ने गरेको पाइयो । व्यवस्थापन समितिको गठनको लागि अभिभावकको भेलाले सर्वसम्मत वा बहुमतीय प्रणाली वा चुनावबाट चयन गर्ने गरेको पाइयो । तर संस्थागत विद्यालयमा भने शेयर सदस्यहरुको भेलाले चयन गर्ने गरेको पाइयो । सरकारी विद्यालयहरु व्यवस्थापन समितिको सल्लाह र निर्देशनमा संचालन भएको पाइयो ।

तालिका नं. ४

विद्यालयको संगठन




### ४.३ सामुदायिक र संस्थागत विद्यालयका व्यवस्थापनमा देखिएका समस्याहरु

विद्यालय व्यवस्थापन समस्यालाई निम्न उपशीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ :

### ४.३.१ विद्यालयमा भौतिक व्यवस्थापनको समस्या

गुणस्तरीय शिक्षा विकासमा विद्यालयको भौतिक व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह हुन्छ । अतः छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको भौतिक व्यवस्थापनसम्बन्धी स्थलगत अध्ययन तथा अवलोकन फारम समेत भरी अध्ययन गर्दा भौतिक व्यवस्थापन तपसिलका विद्यालयहरुमा निम्नानुसारको भौतिक समस्या रहेको पाइयो ।

श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजारको उपयुक्त किसिमको खेलमैदान नभएको पाइयो भने खानेपानी शुद्धिकरण नगरी वितरण गरिएको, विज्ञान प्रयोगशाला नभएको तथा व्यवस्थित पुस्तकालय नभएको र कम्प्युटर भएर पनि प्रयोगमा नल्याएको पाइयो । त्यस्तैगरी श्री उच्च माध्यमिक विद्यालय गडौलीमा खेलमैदान नै नभएको, पुस्तकालयको व्यवस्थापन नभएको, खानेपानी भए पनि शुद्धिकरण नगरी वितरण गरिएको, विज्ञान प्रयोगशाला र कम्प्युटरको व्यवस्थान नभएको तथा विद्यार्थी अनुपातमा शौचालय अपुग भएको पाइयो ।

भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालयमा खेल्ने चौर साँघुरो भएको, अत्यधिक विद्यार्थीको तुलनामा शौचालय अपुग भएको, व्यवस्थित पुस्तकालय नभएको, स्वच्छ पिउने पानी, पुस्तकालय भए पनि व्यवस्थित नभएको, विद्यार्थी सङ्ख्याको अनुपातमा कम्प्युटर अपुग भएको, विज्ञान प्रयोगशाला नभएको पाइयो भने कुनै पनि सवारी साधन (साइकल, मोटरसाइकल) को पार्किङको व्यवस्था र चमेना गृह नभएको पाइयो ।

सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालयमा विद्यार्थीको सङ्ख्याको आधारमा खेलमैदान नभएको, चमेना गृह भए पनि व्यवस्थित नभएको, विज्ञान प्रयोगशाला प्रभावकारी नभएको, पुस्तकालय व्यवस्थित नभएको, विद्यार्थी सङ्ख्याको अनुपातमा कम्प्युटर अपुग रहेको पाइयो ।

### ४.३.२ विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा समस्या

स्तरीय शिक्षा प्रदान गर्न शैक्षिक व्यवस्थापनलाई राम्रो व्यवस्थापन गर्न सक्नु पर्दछ । छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा तपसिलका समस्याहरु स्थलगत भ्रमण र अवलोकन फारमबाट संकलन गरिएको छ :

सामुदायिक विद्यालयमा एउटा शिक्षकले दैनिक ५ देखि ६ घण्टीसम्म पढाउनु पर्ने, कक्षाकोठामा ६० देखि ८० जनासम्म विद्यार्थी राखेर अध्यापन गराउनु पर्ने, अतिरिक्त क्रियाकलाप न्यून मात्रामा संचालन गर्ने गरेको पाइयो । प्रायः विद्यालयमा वार्षिक १८० देखि १९५ दिन मात्र पढाइ हुने गरेको र नियमित रुपमा गृहकार्य परीक्षण नहुने गरेको पाइयो ।

त्यसैगरी संस्थागत विद्यालयमा अतिरिक्त क्रियाकलाप गराउन खेलकुद चौरको व्यवस्था राम्रो नभएको, शिक्षकहरु नियुक्ति गर्दा छनोट प्रक्रिया गलत हुने गरेको, भनसुन र नाता कुटुम्बले प्राथमिकता पाउने गरेको पाइयो ।

### ४.३.३ विद्यालयमा आर्थिक व्यवस्थापनको समस्या

विद्यालयको आर्थिक अवस्था राम्रो नभएमा गुणस्तरीय शिक्षा प्रदान गर्न समस्या पर्दछ । आर्थिक पक्ष भनेको कुनै पनि संस्थाको मेरुदण्ड हो जसको आधारमा संस्था अगाडि बढेको हुन्छ । यस अध्ययनबाट सार्वजनिक तथा संस्थागत विद्यालयको आर्थिक अवस्था निम्नानुसार भएको पाइयो ।

सामुदायिक विद्यालय आर्थिक हिसाबले सरकारी अनुदानमा निर्भर रहेको पाइयो । जसले गर्दा विद्यालयमा शिक्षक तथा अन्य भौतिक, शैक्षिक सामग्री व्यवस्थापनमा सरकारको मुख ताक्नु पर्ने कारणले आवश्यक सुधार गर्न नसकेको पाइयो ।

### ४.३.४ विद्यालयको प्रशासनिक व्यवस्थापन समस्या

कुनैपनि संस्थाले लक्ष्य हासिल गर्न त्यस संस्थाको प्रशासन राम्रो र चुस्त हुनुपर्दछ । त्यसैगरी स्तरीय पढाइको लागि पनि विद्यालय प्रशासन त्यत्तिकै राम्रो हुनुपर्दछ । यस अध्ययनमा सामुदायिक तथा संस्थागत विद्यालयको प्रशासनिक व्यवस्थापनमा निम्नानुसार भएकोले विद्यालय व्यवस्थापन समस्या भएको पाइयो ।

अध्ययनमा संलग्न सार्वजनिक विद्यालयहरुमा अहिले पनि विज्ञान विषयका प्रधानाध्यापक भएको पाइयो । विद्यालय सुधार गर्ने जिम्मा प्रधानाध्यापकको मात्र हो भन्ने भावना शिक्षकहरुमा पनि पाइयो । विद्यालय व्यवस्थापन समितिको उपस्थिति ज्यादै न्यून भएको पाइयो । प्रधानाध्यापकले राम्रोसँग संगठन, निर्देशन र नियन्त्रण गर्न नसकेको पाइयो ।

त्यसैगरी संस्थागत विद्यालयमा भने सामुदायिक विद्यालयको तुलनामा प्रधानाध्यापकको प्रशासन केही राम्रो पाइयो तरपनि शिक्षक कर्मचारीकासँग गर्ने व्यवहार प्रजातान्त्रिक नभएको भन्ने अध्ययनबाट पाइयो ।

अतः गुणस्तरीय शिक्षाका लागि विद्यालयले आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक पक्षहरुमा राम्रो व्यवस्थापन गर्न सक्नु पर्दछ । अन्यथा गुणस्तरीय शिक्षा प्रदान गर्न सम्भव हुँदैन ।

### ४.४ गुणस्तरीय शिक्षाका लागि अपनाउनु पर्ने सुधारका उपायहरु

गुणस्तरीय शिक्षाका लागि विभिन्न पक्षहरुले तत्वहरुले प्रभाव पारेका हुन्छन् । ती पक्षहरुलाई सुधार गरी विद्यालयको व्यवस्थापन गर्नुपर्दछ । तिनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### भौतिक पक्ष

गुणस्तरीय शिक्षा दिनको लागि भौतिक पक्षलाई तत्वको रुपमा लिइन्छ । विद्यालयलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने पक्ष भौतिक पक्ष हो । भौतिक पक्षभित्र विद्यालयको भवन, कक्षाकोठा, शौचालयको अवस्था, खानेपानीको अवस्था, शैक्षिक सामग्री, फर्निचर, बिजुलीको व्यवस्था, विज्ञान प्रयोगशाला, पुस्तकालय जस्ता भौतिक पूर्वाधारहरुको राम्रो व्यवस्था विद्यालयमा नभएमा विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिँदैन । अतः गुणस्तरीय शिक्षा विकासमा भौतिक पक्ष पहिलो र महत्वपूर्ण पक्ष भन्नेहरुमा प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षकहरु र अभिभावक तथा विद्यार्थीहरुको समेत राय रहेको पाइयो ।

#### शैक्षिक पक्ष

गुणस्तरीय शिक्षाका लागि शैक्षिक पक्षको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा कसैले नकार्न सक्दैन । जसरी मानव शरीरमा प्राणको महत्व हुन्छ त्यसैगरी विद्यालयमा शैक्षिक पक्षको महत्व हुन्छ । यसअन्तर्गत लगनशील, अनुभवी र तालिम प्राप्त शिक्षकहरु, शैक्षिक वातावरण, पाठ्यसामग्री, शिक्षण गर्ने विधि, विद्यार्थीहरुको पढाइप्रति लगनशीलता र अनुशासन आदि कुराहरुले विद्यालयको प्रगतिमा प्रभाव पार्दछ भन्ने पक्षमा अभिभावक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको राय रहेको पाइयो ।

**आर्थिक पक्ष**

गुणस्तरीय शिक्षाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने तत्वहरुमध्ये आर्थिक पक्ष पनि एक हो । विद्यार्थीबाट असुल गरिएका शुल्कहरु, सरकारी अनुदान, चन्दा सहयोग, विद्यालयको आफ्नो स्रोत आदि आम्दानीका स्रोत हुन् । विद्यालयका अन्य पक्षहरु शैक्षिक, भौतिक र प्रशासनिक आदि कुरामा सुधार ल्याउन आर्थिक पाटोले नै मद्दत गरेको हुन्छ । अतः प्रत्यक्ष वा परोक्ष रुपमा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ भन्ने पक्षमा शिक्षक, विद्यार्थी, कर्मचारी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आदिको मत रहेको छ ।

**प्रशासनिक पक्ष**

असल कलाकारले बिग्रेको बाद्ययन्त्र पनि ठिकसँग बजाउन सक्दछ अतः गुणस्तरीय शिक्षाका लागि विद्यालयको प्रशासनिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । यस भित्र विद्यालयलाई नीति, निर्देशन, नियन्त्रण गर्ने जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति र विद्यालयलाई सही गतिमा डोऱ्याउने प्रधानाध्यापक आदि नै विद्यालयको प्रशासनिक पक्ष हो । विद्यालयलाई सही बाटोमा हिडाउन शिक्षक, कर्मचारीलाई योग्यताअनुसार कार्यको बाँडफाँड गर्ने वा योजना निर्माण गर्ने, संयन्त्र निर्माण गर्ने, आर्थिक व्यवस्थापन गर्ने, कर्मचारीको नियुक्ति गर्ने, नियन्त्रण गर्ने काम प्रशासनको नै हो । अतः गुणस्तरीय शिक्षाका लागि प्रशासनिक पक्षको भूमिका महत्वपूर्ण रहने कुरा अभिभावक, शिक्षक, कर्मचारी, प्रधानाध्यापक आदिको राय रहेको पाइयो ।

## ४.५ गुणस्तरीय शिक्षाका लागि विद्यालयका प्रधानाध्यापकहरुको अभिमत र सुझावहरु

श्री गौमती नमुना उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री दिलबहादुर कटुवालका अनुसार गुणस्तरीय शिक्षा स्तरीय शिक्षा हो जसले व्यक्तिको सर्वाङ्गीण विकास गर्न सक्दछ ।

यसको विकासको लागि विद्यालयमा आर्थिक, शैक्षिक, प्रशासनिक, भौतिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ एउटा पक्षले मात्र केही गर्न सक्दैन । समग्र विद्यालयको राम्रो व्यवस्थापन गर्न सकिएमा मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ।

श्री उच्च माध्यमिक विद्यालय गडौलीका प्रधानाध्यापक दिनेशप्रसाद घिमिरेका अनुसार विद्यालयको व्यवहारमा सकारात्मक परिवर्तन गराउन सक्ने वा उसले आफ्नो जीवनलाई सही मार्गमा डोऱ्याउन सक्ने ज्ञान, सीप प्रदान गर्ने शिक्षालाई गुणस्तरीय शिक्षा भनिन्छ ।

गुणस्तरीय शिक्षाका लागि विद्यालयको सर्वपक्षीय व्यवस्थापन राम्रो हुनुपर्दछ । जस्तैः भौतिक पक्ष जहाँ कक्षाकोठा, शौचालयको व्यवस्थापन, पुस्तकालय, त्यस्तै शैक्षिक पक्षमा शिक्षक, विद्यार्थी, शिक्षण विधि जस्ता पक्ष र प्रशासनिक पक्ष, आर्थिक पक्ष जस्ता विद्यालय व्यवस्थापम राम्रो भएमा विद्यालयको गुणस्तरीय शिक्षा विकास गर्न सकिने सुझाव प्रदान गर्नु भयो ।

भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालयका प्रिन्सिपल कृष्णकुमार उप्रेतीका अनुसार सिकाइ उपलब्धि प्राप्त भएको, बाँच्न र बचाउनका निम्ति सहयोगी हुने खालको शिक्षालाई गुणस्तरीय शिक्षा भनिन्छ । गुणस्तरीय शिक्षाका लागि विद्यालयको राम्रो व्यवस्थापन हुनुपर्दछ । जहाँ भौतिक व्यवस्थापन, फोहोर व्यवस्थापन, शैक्षिक व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, खानेपानी, विद्युत व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, शौचालय, खेलमैदान, शैक्षिक सामग्री व्यवस्थापन आदिको व्यवस्थापन गर्न सके गुणस्तरीय शिक्षाको विकास गर्न सकिन्छ भन्ने उहाँको सुझाव रहेको थियो ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन फारम, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका अध्यक्षहरु, शिक्षक, अभिभावक र विद्यार्थीहरुबाट प्राप्त तथ्याङ्कको आधारमा निम्नलिखित तथ्यहरु पाइयो ।

अध्ययनमा परेका सबै स्रोतकेन्द्रले वार्षिक कार्ययोजना बनाई जिल्ला शिक्षा अधिकारीबाट स्वीकृति गराई कार्य गर्ने गरेको पाइयो । अध्ययनको क्रममा स्रोतकेन्द्रबाट नजिक र सुगम विद्यालयमा स्रोतव्यक्तिहरु धेरैपटक पुग्ने दुर्गम र विकट स्थानमा रहेका स्रोतकेन्द्रमा कम पुग्ने र कुनैकुनै विद्यालयमा १ वर्षभित्र पुग्दै नपुगेको पनि पाइयो । विद्यालय निरीक्षणका क्रममा विद्यार्थीको क्षमता मूल्याङ्कन भन्दा पनि विद्यार्थी संख्या, विद्यार्थीहरुको नियमितता, शिक्षक उपस्थिति, तथ्याङ्क सङ्कलन, प्रधानाध्यापकसँग छलफलमा बढी केन्द्रित गर्ने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा १-३ लाई व्यवस्थित गर्न कक्षा शिक्षणलाई अपनाउन विद्यालयहरुलाई स्रोतव्यक्तिले सुझाव दिए पनि आंशिक सुरुवात मात्र भएको पाइयो । स्रोतकेन्द्र प्रोफाइल वर्षको १ पटक सबै स्रोतकेन्द्रले तयार गर्ने गरेको पाइयो । विद्यालयमा कार्यरत शिक्षकहरुलाई पेसागत विकास तालिम प्रदान गरेर विद्यालयहरुको बीचमा रहेको शैक्षिक असमानतालाई घटाउन केही हदसम्म सहयोग पुगेको देखिन्छ । वर्षमा एक पटक अतिरिक्त क्रियाकलाप सबै स्रोतकेन्द्रले सञ्चालन गर्ने गरेको पाइए तापनि सबै विद्यालयहरुको सहभागिता भएको देखिएन । मासिक प्रधानाध्यापक बैठक सञ्चालन सबै स्रोतकेन्द्रहरुले नियमित सञ्चालन गरेको पाइयो । बैठकमा सबै प्रधानाध्यापकहरुको उपस्थिति पूर्ण रुपमा नभएको औषत दुई तिहाई विद्यालयहरु बैठकमा उपस्थित हुने गरेको अध्ययनको क्रममा पत्ता लाग्यो । शिक्षण सुधार योजना TIP निर्माण गरी स्रोतकेन्द्रमा पेश गर्न भनिए तापनि पूर्ण रुपमा कार्यान्वयन नभएको तर आधाभन्दा बढी कार्य सम्पन्न भएको पाइयो ।

### ५.१.१. भौतिक व्यवस्थापन

अध्ययनको छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरुको अध्ययन विश्लेषण गर्दा सामुदायिक विद्यालयहरुको सबै भवनहरु आफ्नै रहेको र भवनहरु पक्की भएको पाइयो । संस्थागत विद्यालयहरुमध्ये भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालयको भवन सबै भाडामा रहेका र केही भवनहरु अर्धपक्की समेत भएको पाइयो भने सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालयको आफ्नै भवन रहेको तथ्य पाइयो । सबै विद्यालयमा खानेपानीको व्यवस्था भएको तर शुद्धिकरण नगरी वितरण गर्ने गरेको पाइयो । अध्ययन र विश्लेषणबाट अध्ययन छनोटमा परेका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा खेल्ने चौर पर्याप्त नभएको पाइयो । सबै विद्यालयहरुमा शौचालय भएपनि विद्यार्थी संख्याको तुलनामा अपुग भएको पाइयो । कम्पाउण्ड वालको अवस्था विश्लेषण गर्दा श्री गौमती नमुना उच्च माध्यमिक विद्यालयको कम्पाउण्ड नै विद्यालयका भवनहरु भएको पाइयो भने उच्च माध्यमिक विद्यालय गडौलीमा काँडेतारको प्रयोगबाट विद्यालय घेराबेरा गरिएको पाइयो भने संस्थागत विद्यालयतर्फका दुवै (भगवती, सिद्धस्थली) विद्यालयको कम्पाउण्ड वाल ब्लकबाट निर्माण गरिएको पाइयो । सबै विद्यालयमा पुस्तकालयको व्यवस्था भएपनि व्यवस्थित नभएको पाइयो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुमा सरसफाइको अवस्था सन्तोषजनक रहेको पाइयो । तुलनात्मक दष्टिकोणले सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको भौतिक व्यवस्थापन राम्रो रहेको पाइयो ।

### ५.१.२ शैक्षिक व्यवस्थापन

गुणस्तरीय शिक्षाका लागि शैक्षिक व्यवस्थापनको ठूलो भूमिका रहन्छ । यस अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यालयहरुको अध्ययन गर्दा सबै विद्यालयमा दैनिक कार्यतालिकाको आधारमा कक्षा संचालन भएको पाइयो । प्रत्येक शिक्षकले दैनिक ५/६ घण्टीसम्म अध्यापन गर्ने गरेको पाइयो । सबै विद्यालयहरुमा वार्षिक कार्यतालिकाको निर्माण गरी विद्यालयीय गतिविधिहरुलाई व्यवस्थित गर्ने गरेको पाइयो । दैनिक शैक्षिक क्रियाकलापको रेखदेख प्रधानाध्यापक र सहायक प्रधानाध्यापकले गर्ने गरेको पाइयो । विद्यालयहरु १८० देखि १९० दिनसम्म खुलेको पाइयो । परीक्षा कार्यक्रम सामुदायिक विद्यालयहरुले जिल्ला स्तरमा गठित परीक्षा समितिमार्फत प्रश्नपत्र निर्माण गरी परीक्षा लिने गरेको पाइयो भने संस्थागत विद्यालयले आफ्नै व्यवस्थापनमा परीक्षा कार्यक्रम संचालन गर्ने गरेको पाइयो । संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारी उच्च कर्तव्यबोधका साथ

कार्यमा निरन्तर लागिरहेको पाइयो । संस्थागत विद्यालयको अध्यापनको माध्यम अंग्रेजी भएको कारणले समाजका उच्च, मध्यम र कर्मचारीहरुका बालबच्चाहरु संस्थागत विद्यालयमा नै अध्ययन गराउने गरेको पाइयो । विद्यालयको रेखदेख र निरीक्षणमा आउने जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुले शिक्षकहरुको अध्यापन कार्यको अनुगमन गरी पृष्ठपोषण दिनुभन्दा पनि प्रशासनिक पक्षमा महत्व दिने गरेको अध्ययनका क्रममा पाइयो । केही विद्यालयमा पाठ योजना निर्माण गरी अध्यापन गराइएको पाइयो भने केही विद्यालयमा दैनिक पाठयोजना निर्माण नगरी पठनपाठन संचालन गरिएको पाइयो । संस्थागत विद्यालयमा नियमित रुपमा गृहकार्य परीक्षण गर्ने गरेको पाइयो भने सामुदायिक विद्यालयमा नियमित गुहकार्य परीक्षण गर्ने गरेको पाइएन । अध्ययनमा परेका विद्यालयहरुमा विज्ञान प्रयोगशालाका सामग्रीहरु भएपनि व्यवस्थित प्रयोगशाला नभएको पाइयो । विद्यालयहरुमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप हुने गरेको पाइएन ।

### ५.१.३ शैक्षिक उपलब्धि

विद्यालयले प्रदान गर्ने शिक्षा उपलब्धिमूलक र व्यावहारिक हुनुपर्दछ । समाजमा विद्यमान दुई खालको शिक्षा पद्धति रही आएको छ । एउटा सरकारी तवरबाट स्थापित सामुदायिक विद्यालय र अर्को व्यक्ति-व्यक्तिहरुको समूहले स्थापना गरेका संस्थागत विद्यालय । यहाँ शैक्षिक उपलब्धिलाई परीक्षामा उत्तीर्ण प्रतिशतलाई आधार मानी मापन गरिएको छ । अध्ययनमा परेका विद्यालयको परीक्षामा उत्तीर्ण प्रतिशत निम्नानुसार पाइयो :

तालिका नं. ५

**शैक्षिक उपलब्धि**

| क.सं. | विद्यालयको नाम | तह | २०६६ | २०६८ | २०६९ |
|---|---|---|---|---|---|
| १. | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय माडीबजार | एस.एल.सी. | ७८ % | ८० % | ४१ % |
| २. | श्री उच्च माध्यमिक विद्यालय गडौली | एस.एल.सी. | १०० % | १०० % | ० % |
| ३. | भगवती अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | एस.एल.सी. | १०० % | १०० % | १०० % |
| ४. | सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | एस.एल.सी. | १०० % | १०० % | १०० % |

**आर्थिक व्यवस्थापन**

गुणस्तरीय शिक्षा विकासमा आर्थिक व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययनमा छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयको आर्थिक अवस्था विश्लेषण गर्दा सामुदायिक विद्यालयको आयस्रोत नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम नै प्रमुख आर्थिक स्रोत रहेको पाइयो भने विद्यालयको जग्गा लिजमा दिंदा प्राप्त रकम, अभिभावक चन्दाबाट प्राप्त रकम, गैरसरकारी संस्थाबाट प्राप्त अनुदान रकम समेत विद्यालयको आम्दानीको स्रोत भएको पाइयो । तर संस्थागत विद्यालयको आयको प्रमुख स्रोत भनेको विद्यार्थीहरुबाट प्राप्त भर्ना शुल्क, परीक्षा शुल्क, मासिक पढाइ शुल्क मात्र भएको पाइयो । विद्यालयहरुले आर्थिक व्यवस्थापन बैंकहरुमार्फत गर्ने गरेको पाइयो । यस अध्ययनबाट दुबै खालका (सामुदायिक, संस्थागत) विद्यालयहरुको आर्थिक विश्लेषणलाई तुलना गर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको आर्थिक पारदर्शिता कायम गरेको पाइयो ।

**विद्यार्थी व्यवस्थापन सम्बन्धमा**

गुणस्तरीय शिक्षाका लागि विद्यार्थी व्यवस्थापनले पनि महत्व राख्दछ । असल बीऊ रोपेमा मात्र फल पनि राम्रो हुन्छ भने झैं यस अध्ययनमा संस्थागत र सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्रको सुरुदेखि एक डेढ महिनासम्म विद्यार्थीहरुलाई भर्ना लिने गरेको पाइयो । सामुदायिक विद्यालयमा निःशुल्क भर्ना लिने गरेको पाइयो भने संस्थागत विद्यालयहरुमा शुल्क लिएर मात्र भर्ना गर्ने गरेको पाइयो । दुवै सामुदायिक र संस्थागत विद्यालयमा पोसाकलाई अनिवार्य गरेको पाइयो । विद्यार्थीहरुको अभिलेख भर्ना रजिष्टर, परीक्षा रजिष्टर तथा हाजिरी रजिष्टरमा व्यवस्थित गरिएको पाइयो ।

सामुदायिक विद्यालयमा विद्यार्थीको कक्षा छोड्ने दर करीब ११ प्रतिशत रहेको पाइयो भने संस्थागत विद्यालयमा ३ प्रतिशत मात्र पाइयो । यसो हुनुमा प्रधानाध्यापक श्री दिलबहादुर कटुवाल आर्थिक अवस्थाका कारण विद्यालय छाड्ने गरेको बताउनु हुन्छ । विद्यार्थीलाई प्रोत्साहन गरी नियमित विद्यालयमा उपस्थित गराउन पुरस्कार समेतको व्यवस्था गरेको पाइयो ।

### ५.१.४ शिक्षक व्यवस्थापनसम्बन्धी प्राप्ति

असल शिक्षको भूमिका गुणस्तरीय शिक्षाको लागि महत्वपूर्ण हुने गर्दछ । भनिन्छ, असल गुरुका असल शिष्यहरु हुन्छन् । अतः यस अध्ययनका क्रममा सामुदायिक विद्यालयमा आवश्यकतानुसार वा विद्यार्थीको संख्याको अनुपातमा शिक्षक दरबन्दीको समस्या रहेको पाइयो भने कतिपय विद्यालयले विद्यालयको आफ्नै स्रोतबाट तलव, भत्ता र अन्य सुविधा व्यहोर्ने गरी निजी शिक्षकहरु नियुक्ति गरी शिक्षकको अभाव कम गर्ने गरेको पाइयो । तर त्यस्ता शिक्षकहरुले प्राप्त गर्ने तलव दरबन्दीका शिक्षकहरुको तुलनामा अत्यन्त न्यून रहेको पाइयो । शिक्षकहरुलाई साप्ताहिक ३० देखि ३३ घण्टीसम्म अध्यापन गर्नु परेको पाइयो । सामुदायिक विद्यालयका प्रधानाध्यापकले भने प्रशासनिक कार्य गर्ने र करिब साप्ताहिक १२-१५ घण्टीसम्म मात्र पढाउने गरेको पाइयो ।

संस्थागत विद्यालयमा भने तलव भत्ता सरकारी तलवमान अनुसार प्रदान नगरेको गुनासो शिक्षकहरुको रहेको पाइयो । शिक्षक नियुक्ति गर्दा पारदर्शिता नभएको पाइयो । केही विद्यालयहरुले तल्लो तहको नियुक्ति दिएर माथिल्लो कक्षाको समेत अध्यापन गराउनु पर्ने बाध्यता रहेको गुनासो समेत शिक्षकहरुले गरेको पाइयो । अतः यस अध्ययनबाट के पत्ता लाग्यो भने जुन विद्यालयको व्यवस्थापन राम्रो छ त्यो विद्यालयको विद्यार्थीहरुको वार्षिक नतिजा अनुशासन, व्यवहार पनि राम्रो पाइयो भने जुन विद्यालयको व्यवस्थापनमा कमजोरी छ त्यहाँको विद्यार्थीको वार्षिक नतिजा, अनुशासन र व्यहार पनि मध्यम खालको पाइयो ।

भनिन्छ कुनै वस्तु राम्रो छ कि छैन भन्ने कुरा प्रमाणित गर्न दुई वस्तुको तुलना गरिन्छ जसले उपभोक्ताको सन्तुष्टि र आवश्यकता पूरा गर्दछ त्यो गुणस्तर हो वा उक्त वस्तुलाई विश्व बजारमा Internationla Organization for Standard (ISO) र राष्ट्रिय बजारमा National Organization For Standard (NSO) को मार्का प्रदान गरिएको वस्तु गुणस्तरीय हो । त्यस्तै शिक्षामा पनि राम्रो पढाइ भएको वा उपलब्धि राम्रो भएको विद्यालयलाई ISO प्रदान गरिन्छ भन्ने कुरा सुन्नमा आएको पाइन्छ ।

अतः गुणस्तरीय शिक्षा त्यस्तो शिक्षा हो जसले मानिसलाई पूर्ण विकास गर्दछ । दक्ष जनशक्ति तयार गर्दछ भने त्यस्तो शिक्षा नै गुणस्तरीय शिक्षा हो । तसर्थ गुणस्तरीय शिक्षाका लागि विद्यालयको व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने तथ्य यस अध्ययनले प्रमाणित गरेको छ ।

## ५.२ निष्कर्ष

गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन शीर्षकको अध्ययनको प्राप्तिबाट निम्नानुसार निष्कर्ष निकालिएको छ ।

संस्थागत विद्यालयहरु निजी लगानीमा संचालन भएका हुँदा सामुदायिक विद्यालयको भन्दा शैक्षिक व्यवस्थापनमा बढी जोड दिइएकोले शैक्षिक उपलब्धि राम्रो रहेको, समाजका उच्च, मध्यम, शिक्षक, कर्मचारी वर्ग तथा सचेत अभिभावकहरुको आकर्षण समेत संस्थागत विद्यालय भएकोले तिनै विद्यालयमा बालबालिकाहरुलाई अध्ययन अध्यापन गराइएको, संस्थागत विद्यालयमा सामुदायिक विद्यालयमा भन्दा शैक्षिक व्यवस्थापन राम्रो रहेको भने सामुदायिक विद्यालयसमेतले विद्यालय पोसाकलाई अनिवार्य गरेको पाइयो ।

त्यसैगरी सचेत अभिभावकहरुको संस्थागत विद्यालयप्रति आकर्षण हुनुका कारणहरु शिक्षणको माध्यम भाषा अंग्रेजी, कक्षाकोठाको उचित व्यवस्थापन, अनुशासन, सरसफाई, शिक्षक कर्मचारीको लगनशीलता प्रमुख रहेको, सामुदायिक विद्यालयका शिक्षकहरु सरकारी तलव, भत्ता प्राप्त गर्ने हुनाले उनीहरुको शिक्षण प्रभावकारी वा अप्रभावकारी भएपनि जागिर सुरक्षित हुनेहुँदा विद्यालयमा त्यति सक्रिय भएको पाइएन । स्वास्थ्य, उमेर लगायतका दृष्टिकोणले असक्त भएपनि विद्यालयमा हाजिर मात्रै गर्दा पनि मासिक तलव प्राप्त हुने हुँदा विद्यालयमा संलग्न रहेको पाइयो । सामुदायिक विद्यालयमा स्रोत र साधन भएपनि त्यसलाई उचित परिचालन हुन नसकेको तर संस्थागत विद्यालयमा सीमित स्रोत र साधन भएपनि त्यसको उच्चतम परिचालन रहेको पाइयो । सामुदायिक विद्यालयमा स्वयम् शिक्षकहरुले पनि आफ्ना बालबालिकाहरुलाई संस्थागत विद्यालयमा पढाउने गरेको तथ्यले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर शंकाको घेरामा रहेको, तुलनात्मक रुपमा सरकारी विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षाको गुणस्तर उच्च रहेको छ । सामुदायिक विद्यालयको सम्पूर्ण खर्च सरकारी अनुदानबाट नै हुने भएकोले पढाइको गुणस्तरमा कमी आएपनि त्यसको मूल्य आफूले तिर्नु नपर्ने हुँदा प्रधानाध्यापक र शिक्षकहरुको चासो विद्यालयप्रति कम रहेको पाइयो । यदि विद्यालयको पढाइ लगायतका शैक्षिक क्रियाकलापमा कमी भयो भने अभिभावकहरुले बालबालिका आफ्नो विद्यालयमा नपठाउने हुँदा विद्यालयले आर्थिक क्षति व्यहोर्नु पर्ने कारणले पनि संस्थागत विद्यालयका लगानीकर्ता, प्रिन्सिपल, शिक्षक, कर्मचारीहरु शैक्षिक व्यवस्थापनलाई सुदृढ र मजबुत पार्न लागी परेको पाइयो । यस अध्ययनले हाम्रो देशमा सञ्चालित दुई खाले शिक्षाको शैक्षिक गुणस्तरको वास्तविक अवस्था बाहिर ल्याउन यस अध्ययनले सहयोग पुऱ्याएको छ ।

### ५.३ सुझावहरु

यस शोधपत्र अध्ययनका क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, विद्यालयसँग सम्बन्धित व्यक्तिहरुको राय तथा समस्याको समाधानसम्बन्धी सुझावहरुलाई समेत आधार मानी शिक्षामा गुणस्तरीयता कायम गरी सुधारका निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

#### ५.३.१ नीति निर्माण तह

- सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरुका बालबालिकाहरुलाई संस्थागत विद्यालयमा अध्ययन गराउने परिपाटीको अन्त्य गर्ने किसिमको शैक्षिक नीति तयार गरी शिक्षक तथा कर्मचारीका बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने बाध्यात्मक अवस्था सिर्जना गर्नुपर्दछ ।
- सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम सबै तहमा समान बनाउन सरकारले तुरुन्त कदम चाल्नु पर्दछ ।
- सरकारले विद्यालयमा सीपयुक्त, व्यावहारिक तथा व्यावसायिक शिक्षाको लागि पाठ्यक्रममा आवश्यक परिमार्जन गरी तुरुन्त कार्यान्वयन गराउनु पर्दछ ।
- विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको मनोभावना उच्च बनाउने किसिमको वातावरण तयार गरी शैक्षिक गुणस्तरको ग्यारेण्टी गर्न समर्पित हुन सबै शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन गर्ने नीति लिइनु पर्दछ ।
- विद्यालयमा विद्यार्थीहरुको श्रेणीमापन, घटनावृद्धि अभिलेख, सञ्चित अभिलेख आदि समेत राख्ने व्यवस्था नीतिगत रुपमा हुनुपर्दछ ।
- पुस्तकालयको व्यवस्थापन गरेको पाइएता पनि छुट्टै कोठा तयार गर्न आवश्यक आर्थिक सहयोग पुऱ्याउने तर्फ नीतिगत व्यवस्था हुनुपर्दछ ।

#### ५.३.२ कार्यान्वयन तह

- गुणस्तरीय शिक्षा विकासको लागि विद्यालयले भौतिक व्यवस्थापनमा राम्रो ध्यान पुऱ्याउनु पर्दछ । अध्ययन गरिएका सामुदायिक विद्यालयमा विद्यालयको आफ्नै जग्गा भएपनि उपयुक्त खेलमैदान नभएकोले सोको व्यवस्थापन सरोकारवाला सबैको सहयोग र समन्वयमा गर्न जरुरी देखिन्छ जसले अतिरिक्त क्रियाकलापदेखि लिएर
- शैक्षिक क्रियाकलाप संचालन गर्न सुलभ हुने देखिन्छ ।

- प्रायजसो विद्यालयमा शौचालयको व्यवस्थापन भएपनि अपुग भएकोले तत्काल त्यसतर्फ सम्बन्धित विद्यालय व्यवस्थापनले ध्यान दिन जरुरी देखिन्छ ।
- विद्यार्थी, अभिभावक तथा शिक्षाप्रेमीहरुको सल्लाह, सुझावलाई विद्यालयले प्रशासनले समय समयमा छलफल गरी शैक्षिक सुधार गर्न पहल गर्नुपर्दछ ।
- समय समयमा जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्तिहरुले विद्यालयहरुको नियमित अनुगमन गरी देखिएका कमीकमजोरी औल्याई त्यसलाई सुधार गर्न पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।
- शिक्षकहरुले आफूले अध्यापन गर्ने विषयको वार्षिक योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माण गरी अध्यापन गर्नुपर्दछ ।
- विद्यार्थीको चौतर्फी विकास गर्न अतिरिक्त क्रियाकलाप जस्तै हाजिरी जवाफ, वादविवाद, फुटबल, भलिबलजस्ता खेलहरु पनि समय समयमा गर्नुपर्ने देखिन्छ ।
- विद्यालयको आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउन लेखाको सिद्धान्तबमोजिमका खाताहरु तयार गरी आर्थिक कारोवार सबैले बुझ्न सक्ने गरी राख्नु पर्दछ ।
- विद्यालयको सिकाइमा सुधार ल्याउन नयाँनयाँ शिक्षण विधिको प्रयोग गर्नुपर्ने देखिन्छ ।
- माथि उल्लेखित सुझावहरुलाई ध्यानमा राखी सम्बन्धित पक्षले कार्य गरेमा अवश्यमेव गुणस्तरीय शिक्षा बालबालिकाहरुलाई प्रदान गर्न सकिन्छ ।

### ५.३.३ अनुसन्धान तह

यस अध्ययनले नेपालमा गुणस्तरीय शिक्षाका लागि सम्पूर्ण पक्षहरु समेट्न नसकेको पनि हुन सक्दछ तसर्थ गुणस्तरीय शिक्षाका लागि देखिएका अन्य समस्याहरु पहिचान गरी समाधानका उपायहरु पहिल्याउन सम्बन्धित विषयको विशिष्ट अध्ययन गर्नु पर्दछ । तसर्थ यसका लागि निम्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

- गुणस्तरीय शिक्षाका लागि प्रधानाध्यापकको भूमिका ।
- गुणस्तरीय शिक्षाका लागि तालिम प्राप्त शिक्षकको भूमिका ।
- गुणस्तरीय शिक्षाका लागि स्रोतकेन्द्रको भूमिका ।

## सर्न्दभ समाग्री

अधिकारी, विष्णुप्रसाद (२०६०), *अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* काठमाडौँः आशिष पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०५९), *शिक्षाका आधारहरु,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०५९), *शैक्षिक व्यवस्थापन तथा सङ्गठनात्मक व्यवहार,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

........................ र सुशन आचार्य (२०६१), *सामाजिक न्यायको सेरोफेरोमा शिक्षा,* कीर्तिपुरः स्टुडेन्ट्स बुक्स पब्लिसर्स एन्ड डिष्ट्रिब्यूटर्स ।

गिरी, केदारनाथ (२०५७), ठकेन्द्रप्रकाश (२०५९), *पाठ्यक्रम अभ्यास,* काठमाडौँः ज्ञानकुन्ज प्रकाशन ।

घिमिरे, सुदर्शन (२०६८), गुणस्तरीय शिक्षा के हो? के होइन? रिपोर्ट, शिक्षक मासिक, साउन अंक, ललितपुरः ज्ञान विज्ञान संचार सहकारी ।

प्रतिवेदन (२०४९), *उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग,* काठमाडौँः नेपाल सरकार, शिक्षा मन्त्रालय ।

पौडेल, हरिराज (२०६०), *वाणी स्वर्ण स्मारिका,* भरतपुरः चितवन मा.वि. ।

पौडेल, लेखनाथ (२०५३), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौँः आठराई प्रकाशन ।

राउत, कुमार (२०६१), *संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक अध्ययन* अप्रकाशित शोधपत्र), कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय ।

वाग्ले, मनप्रसाद र उपेन्द्रकुमार कार्की *(२०५७), शिक्षाका आधारहरु,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवि र निर्मला शर्मा, (२०६५), *शिक्षाको परिचय,* एम्. के. पब्लिसर्स एन्ड डिष्ट्रिब्यूर्टस ।

शर्मा, चिरञ्जीवि (२०६२), *शिक्षाका आधारहरु,* काठमाडौँः एम्. के. पब्लिसर्स एन्ड डिष्ट्रिब्यूर्टस ।

सापकोटा, रमाकान्त (२०५९), *विद्यालय समुदायमा हस्तान्तरण कति ठीक, कति बेठीक?,* गोष्ठीमा प्रस्तुत अवधारणा पत्र ।

............, ............ (२०६८), *गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको भूमिका, (शैक्षिक दर्पण)* चितवनः जिल्ला शिक्षा कार्यालय ।

सेरिड (१९८२), *अभिभावकहरुको शिक्षाप्रतिको आशा एवम् धारणा एक अनुसन्धान गोष्ठी,* कीर्तिपुरः काठमाडौँ ।

NCED ,(1994) *Headmaster Training Package*, Sanothimi: National Centre for Educational Development.

## अनुसूची १

## अवलोकन फारम

१. भौतिक अवस्था (क) जम्मा भवन संख्याः

(ख) कक्षाकोठाहरु :

२. फोहोर व्यवस्थापन (क) संकलन र विसर्जन

(ख) संकलन तर विसर्जन नहुने :

३. विज्ञान प्रयोगशाला :

प्रयोग सामग्रीहरुको अवस्था : (क) पर्याप्त (ख) अपुग (ग) काम चलाउ

४. खानेपानीको अवस्था : (क) पर्याप्त (ख) अपुग (ग) काम चलाउ

५. खानेपानीको शुद्धता (क) शुद्ध गरी वितरण (ख) फिल्टर नगरी वितरण

६. शौचालयको अवस्था (क) पक्की (ग) कच्ची

७. खेलमैदान (क) छ (ख) छैन

८. घेराबेरा (क) छ (ख) छैन

९. कक्षाकोठाको अवस्था (क) उत्तम (ख) ठीकै (ग) अँध्यारो

१०. विद्यार्थीको बसाइको अवस्था (क) अधिक (ख) मध्यम (ग) थोरै

११. चमेना गृहः (क) छ (ख) छैन

१२. शैक्षिक सामग्री (क) छ (ख) छैन

१३. अतिरिक्त क्रियाकलाप सामग्री (क) पर्याप्त (ख) अपुग (ग) छैनन्

१४. पुस्तकालय : (क) छ (ख) छैन यदि भए किताब संख्याः ..............थान ।

१५. प्रधानाध्यापक कोठा : (क) छ (ख) छैन

१६. स्टाफ रुमः (क) छ (ख) छैन

## अनुसूची २

## अभिभावकको लागि प्रश्नावली

अभिभावकको नामः लिङ्गः

उमेरः शैक्षिक

योग्यताः

हस्ताक्षरः

१. तपाईको बालबच्चाको पढाइप्रति सन्तुष्ट हुनुहुन्छ?

..........................................................................................................

..........

२. तपाईको विचारमा गुणस्तरीय शिक्षा भनेको के हो?

..........................................................................................................

..........

३. तपाईले यस विद्यालयमा आफ्ना बालबालिका पढाउनुको मुख्य कारण के हो ?

..........................................................................................................

..........

४. विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउन के के उपाय अपनाउनु पर्ला जस्तो लाग्छ ?

..........................................................................................................

..........

५. तपाई बस्ने टोलमा संस्थागत विद्यालयमा बढी विद्यार्थी पढ्न जान्छन् कि सामुदायिक (सरकारी) विद्यालयमा ?

..........................................................................................................

..........

६. महिनाको कति पटक आफ्ना बालबालिकाको पढाइको बारेमा बुझ्न जानुहुन्छ ?

..........................................................................................................

..........

७. आफ्ना बालबालिकालाई कति कक्षासम्म पढाउने लक्ष्य राख्नु भएको छ ?

………………………………………………………………………………………………

……….

८. विद्यालयमा के के सुधार भए हुन्थ्यो जस्तो लाग्छ ?

………………………………………………………………………………………………

……….

९. विद्यालयको सुधारको लागि तपाईले केही योगदान गर्नु भएको छ ?

………………………………………………………………………………………………

……….

## अनुसूची ३

## प्रधानाध्यापकका लागि प्रश्नावली

नाम, थरः उमेरः

अनुभवः योग्यताः

विद्यालयको नामः

१. तपाई यस विद्यालयमा प्रधानाध्यापक हुनु भएको कति वर्ष भयो ?

..........................................................................................................

२. तपाईको विद्यालयमा कति शिक्षक तथा कर्मचारीहरु कार्यरत छन् ? सबै सरकारी दरबन्दीमा कि निजीस्रोत पनि ?

..........................................................................................................

३. तपाईको विद्यालयमा जम्मा कति विद्यार्थीहरु छन् ?

..........................................................................................................

४. विद्यालय व्यवस्थापन समितिबाट तपाईले कस्तो सहयोग पाउनु भएको छ ?

..........................................................................................................

५. तपाईको विचारमा गुणस्तरीय शिक्षा भनेको के होला ? गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले के के कुरामा ध्यान दिनु पर्ला ?

..........................................................................................................

६. विद्यालयको अनुगमनमा को को आउँछन् ? के अनुगमनको प्रक्रिया नियमित छ ?

..........................................................................................................

७. तपाईले शिक्षकको अनुगमन गर्नुहुन्छ कि हुन्न ?

..........................................................................................................

८. विद्यालयको प्रधानाध्यापकसँग धेरै शिक्षकहरु खुशी हुँदैनन्, तपाईका शिक्षक तथा कर्मचारी कतिको खुशी छन् ?

..........................................................................................................

९. विद्यालयको पढाइको स्तर अझ माथि उकास्न के के गर्न पाए हुन्थ्यो जस्तो लाग्छ ?

..........................................................................................................

## अनुसूची ४

## विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि प्रश्नावली

विद्यालयको नामः लिंगः

अन्तर्वार्ता दिने व्यक्तिको नामः उमेरः

ठेगानाः पदः

१. तपाई यस विद्यालयको व्यवस्थापन समितिको कुन पदमा हुनुहुन्छ ?

..........................................................................................................

..........

२. अन्य विद्यालयको भन्दा यस विद्यालयको शैक्षिक स्तर कस्तो छ ?

..........................................................................................................

..........

३. यस विद्यालयको प्रधानाध्यापकको व्यवहार कस्तो रहेको पाउनु भएको छ ?

..........................................................................................................

..........

४. यस विद्यालयका शिक्षकहरु पढाउन कतिको लगनशील भएको पाउनु भएको छ ?

..........................................................................................................

..........

५. तपाई विद्यालयको अनुगमन महिनामा कति पटक गर्नुहुन्छ ?

..........................................................................................................

..........

६. तपाईले विद्यालयको लागि भौतिक व्यवस्थामा के के गर्नुभयो ?

..........................................................................................................

..........

७. तपाईको विचारमा विद्यालय व्यवस्थापन गर्न कुन कुन पक्षमा सुदृढ गर्नुपर्ला ?

..........................................................................................................

..........

८. राम्रा शिक्षक कर्मचारीलाई पुरस्कृत गर्नुभएको छ ?

.......................................................................................................

..........

## अनुसूची ५
## विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नामः ठेगानाः
विद्यालयको नामः लिंगः
उमेरः कक्षाः

तलका प्रश्नहरुको जवाफ लेखेर दिन अनुरोध छ ।

१. तिम्रो पढ्ने कक्षाकोठामा कति जना विद्यार्थीहरु छन् ?

..........................................................................................................

२. तिम्रो विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिन्छ कि गरिदैन ?

..........................................................................................................

३. शिक्षकहरुले पाठ पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ कि हुन्न ?

..........................................................................................................

४. तिमीलाई पढाउने शिक्षकहरुले गृहकार्य दिनुहुन्छ कि हुन्न ? यदि दिनुहुन्छ भने परीक्षण (जाँच्ने काम) गर्नुहुन्छ कि हुन्न ?

..........................................................................................................

५. तिमीलाई शिक्षकहरुको व्यवहार कस्तो लाग्छ ?

..........................................................................................................

६. विद्यालयको पढाइको स्तर अझ राम्रो बनाउन के के गर्नुपर्ला ?

..........................................................................................................

७. तिमी कुन श्रेणीमा पास भयौ ?

..........................................................................................................

## अनुसूची ६

## शिक्षकका लागि प्रश्नावली

१. तपाई यस विद्यालयमा अध्यापन गर्नु भएको कति वर्ष भयो ?

..............................................................................................................

२. तपाई कुन विषय पढाउनु हुन्छ ? पढाउने क्रममा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य ठान्नुहुन्छ कि हुन्न ?

..............................................................................................................

३. विद्यालयमा पुस्तकालयको व्यवस्था कस्तो छ ?

..............................................................................................................

४. तपाईको अनुगमनमा को को संलग्न भएको पाउनु भएको छ ?

..............................................................................................................

५. गुणस्तरीय शिक्षा भनेको के होला ? राय व्यक्त गर्नुहोस् ।

..............................................................................................................

६. तपाईको विचारमा विद्यालय व्यवस्थापन गर्न कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

..............................................................................................................

७. तपाई दैनिक कति घण्टी पढाउनु हुन्छ ?

..............................................................................................................

८. विद्यार्थी असफल हुनुमा कसको कमजोरी जस्तो लाग्छ ?

..............................................................................................................

अनुसूची ७

नमुना छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | प्र.अ.को नाम | शैक्षिक योग्यता | तालिम |
|---|---|---|---|---|
| १ | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय | श्री दिलबहादुर कटुवाल | बी.एस्सी/बी.एड. | ✓ |
| २ | श्री उच्च माध्यमिक विद्यालय गडौली | श्री दिनेशप्रसाद घिमिरे | एम.ए./बी.एड. | ✓ |
| ३. | भगवती अंग्रेजी उच्च मा.वि. | श्री कृष्णकुमार उप्रेती | बी.ए./बी.एड. | ✓ |
| ४. | सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालय | गोकर्णबहादुर थापा (प्राचार्य) | एम.पी.ए./बी.एड. | ✓ |

नमुना छनोटमा परेका विद्यालयहरुका अध्यक्षहरुको नामावली

| क.सं. | विद्यालयको नाम | अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय | श्री विष्णुकुमार श्रेष्ठ | |
| २ | श्री उच्च माध्यमिक विद्यालय गडौली | श्री खड्गबहादुर खत्री | |
| ३. | भगवती अंग्रेजी उच्च मा.वि. | श्री विश्वराज शर्मा | |
| ४. | सिद्धस्थली अंग्रेजी उच्च माध्यमिक विद्यालय | गोकर्णबहादुर थापा | |

नमुना छनोटमा परेका विद्यालयहरुका शिक्षकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | नाम | शैक्षिक योग्यता | तालिम |
|---|---|---|---|---|
| १ | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय | श्री विनोदकुमार श्रेष्ठ | एम.एड. | ✓ |
| | | श्री शंकरप्रसाद ढकाल | एम.एड. ( गणित) | ✓ |
| २ | श्री उच्च माध्यमिक विद्यालय गडौली | श्री रुद्रबहादुर खड्का | एम.ए/बी.एड. | ✓ |
| | | श्री रमेश कार्की | बी.एड. | ✓ |
| ३. | भगवती अंग्रेजी उच्च मा.वि. | श्री दिनेश खत्री | बी.ए. | ✓ |
| | | श्री सन्तोष श्रेष्ठ | बी.ए. | ✓ |
| ४. | सिद्धस्थली अंग्रेजी | श्री सीताकुमारी बस्नेत | बी.एड. | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | उच्च माध्यमिक विद्यालय | श्री विजय श्रेष्ठ | बी.एड. | ✓ |

**अनुसूची १**

**अवलोकन फारम**

१. भौतिक अवस्था (क) जम्मा भवन संख्याः

(ख) कक्षाकोठाहरु :

२. फोहोर व्यवस्थापन (क) संकलन र विसर्जन

(ख) संकलन तर विसर्जन नहुने :

३. विज्ञान प्रयोगशाला :

प्रयोग सामग्रीहरुको अवस्था : (क) पर्याप्त (ख) अपुग (ग) काम चलाउ

४. खानेपानीको अवस्था : (क) पर्याप्त (ख) अपुग (ग) काम चलाउ

५. खानेपानीको शुद्धता (क) शुद्ध गरी वितरण (ख) फिल्टर नगरी वितरण

६. शौचालयको अवस्था (क) पक्की (ग) कच्ची

७. खेलमैदान (क) छ (ख) छैन

८. घेराबेरा (क) छ (ख) छैन

९. कक्षाकोठाको अवस्था (क) उत्तम (ख) ठीकै (ग) अँध्यारो

१०. विद्यार्थीको बसाइको अवस्था (क) अधिक (ख) मध्यम (ग) थोरै

११. चमेना गृहः (क) छ (ख) छैन

१२. शैक्षिक सामग्री (क) छ (ख) छैन

१३. अतिरिक्त क्रियाकलाप सामग्री (क) पर्याप्त (ख) अपुग (ग) छैनन्

१४. पुस्तकालय : (क) छ (ख) छैन यदि भए किताब संख्याः ……………..थान ।

१५. प्रधानाध्यापक कोठा : (क) छ (ख) छैन

१६. स्टाफ रुमः (क) छ (ख) छैन

## अनुसूची २

## अभिभावकको लागि प्रश्नावली

अभिभावकको नामः लिङ्गः

उमेरः शैक्षिक योग्यताः

हस्ताक्षरः

१. तपाईको बालबच्चाको पढाइप्रति सन्तुष्ट हुनुहुन्छ?

..........................................................................................................

२. तपाईको विचारमा गुणस्तरीय शिक्षा भनेको के हो?

..........................................................................................................

३. तपाईले यस विद्यालयमा आफ्ना बालबालिका पढाउनुको मुख्य कारण के हो ?

..........................................................................................................

४. विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउन के के उपाय अपनाउनु पर्ला जस्तो लाग्छ?

..........................................................................................................

५. तपाई बस्ने टोलमा संस्थागत विद्यालयमा बढी विद्यार्थी पढ्न जान्छन् कि सामुदायिक (सरकारी) विद्यालयमा ?

..........................................................................................................

६. महिनाको कति पटक आफ्ना बालबालिकाको पढाइको बारेमा बुझ्न जानुहुन्छ ?

..........................................................................................................

७. आफ्ना बालबालिकालाई कति कक्षासम्म पढाउने लक्ष्य राख्नु भएको छ ?

..........................................................................................................

८. विद्यालयमा के के सुधार भए हुन्थ्यो जस्तो लाग्छ ?

..........................................................................................................

९. विद्यालयको सुधारको लागि तपाईले केही योगदान गर्नु भएको छ ?

..........................................................................................................

## अनुसूची ३

### नमुना छनोटमा परेका विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | किसिम |
|---|---|---|---|---|
| १ | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय | क.न.पा.६, माडीबजार, सिन्धुली | १–१२ | सामुदायिक |
| २. | श्री माध्यमिक विद्यालय गडौली | क.न.पा. ७, खैरेनी, सिन्धुली | १–११ | सामुदायिक |
| ३. | भगवती अङ्ग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | क.न.पा. ६, माडीबजार, सिन्धुली | १-१२ | संस्थागत |
| ४. | सिद्धस्थली अङ्ग्रेजी माध्यमिक विद्यालय माडीबजार | क.न.पा. ६, सिन्धुली | १-१२ | संस्थागत |


### नमुना छनोटमा परेका विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | किसिम |
|---|---|---|---|---|
| १ | श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय | क.न.पा.६, माडीबजार, सिन्धुली | १–१२ | सामुदायिक |
| २. | श्री माध्यमिक विद्यालय गडौली | क.न.पा. ७, खैरेनी, सिन्धुली | १–११ | सामुदायिक |
| ३. | भगवती अङ्ग्रेजी उच्च माध्यमिक विद्यालय माडीबजार | क.न.पा. ६, माडीबजार, सिन्धुली | १-१२ | संस्थागत |
| ४. | सिद्धस्थली अङ्ग्रेजी माध्यमिक विद्यालय माडीबजार | क.न.पा. ६, सिन्धुली | १-१२ | संस्थागत |